नजर हमर

राष्ट्रिय दैनिक

# मधेशदृष्टि

www.emadheshdristi.com

Madheshdristi National Daily

मधेशदृष्टिमा विज्ञापनका लागि सम्पर्क नं.:
9808835198
9807170995
9803474311
9854028218

खुशहाल किसान, समृद्ध नेपाल
यहि हो "त्रिशक्ति"को कमाल
त्रिशक्ति ट्रेक्टर

● वर्ष २ ● अंक ९५ ● २०८० साल फागुन ०९ गते बुधबार ● Wednesday 21, February 2024 ● सूर्योदयः बिहान ६:३७ बजे ● सूर्यास्तः साँझ ६:०० बजे ● पृष्ठ ८ ● मूल्य रु. ५/-

## महासमिति बैठकमा पाँच प्रतिवेदन



**मधेशदृष्टि**
**काठमाडौँ ।**
सोमबारदेखि सुरु भएको नेपाली कांग्रेस महासमिति बैठकमा पाँच वटा प्रतिवेदन पेस भएका छन् । बैठकमा पार्टी उपसभापति तथा उपप्रधानमन्त्री एवम् रक्षामन्त्री पूर्णबहादुर खड्काले नीति प्रस्ताव पेस गरेपछि प्रतिवेदनको संख्या पाँच पुगेको हो । महामन्त्री गगन थापाले साङ्गठनिक प्रस्ताव, महामन्त्री विश्वप्रकाश शर्माले समसामयिक राजनीतिक प्रतिवेदन, कांग्रेसका प्रवक्ता तथा अर्थमन्त्री डा. प्रकाशरण महतले नेपालको वर्तमान आर्थिक अवस्था, सम्भावना र भावी दिशासम्बन्धी प्रतिवेदन र लेखा समिति संयोजक श्यामकुमार घिमिरेले लेखा परीक्षण प्रतिवेदन पेस गरेका छन् ।

उपसभापति खड्काले कांग्रेसको आन्तरिक जीवन तथा राष्ट्रिय सन्दर्भमा उठेको प्रश्न र अप्ठ्याराको समाधान खोज्न महासमितिले नीतिगत निर्णय गर्दै अघि बढ्ने बताए । 'जिम्मेवार नेपाली कांग्रेसः समुन्नत देश' नारा दिएर नेपाली कांग्रेसको राजनीतिक नीति अघि बढाइएको उपसभापति खड्काले जानकारी दिए ।

महामन्त्री थापाले साङ्गठनिक प्रस्ताव पेश गर्दै पार्टीलाई सामाजिक रूपान्तरणको संवाहक बनाउने र सामाजिक आन्दोलनसँग जोड्ने जानकारी दिए । महामन्त्री थापाले एक विशिष्ट परिस्थितिमा संविधान र लोकतान्त्रिक प्रणालीको रक्षार्थ नेपाली कांग्रेसले पाँच दलीय गठबन्धनको नेतृत्व गर्दै सरकारको जिम्मेवारी बहन गर्नुपरेको उल्लेख गरे । उनले आगामी निर्वाचनमा पार्टी एक्लै चुनाव लड्न सक्ने गरी सङ्गठनलाई बलियो बनाइने बताए ।

अर्का महामन्त्री शर्माले सङ्घर्ष र संविधानसभाको मार्गबाट आएको नेपालको वर्तमान संविधानबाट नै सबै चुनौतीको हल गर्दै मुलुकलाई समुन्नतिको उचाइमा पु¥याउने भरपर्दो माध्यम हो भन्ने तथ्यमा नेपाली कांग्रेस स्पष्ट भएको बताए । उनले एकल बहुमत कसैको नभएको संसद्मा गठबन्धनलाई कायम राखेर नै देश र जनताको हितमा काम गर्नुपर्ने अभिभारा कांग्रेसको रहेको बताए । पार्टी प्रवक्ता महतले लोकतान्त्रिक समाजवादको आर्दशलाई कांग्रेसले आत्मासात् गर्ने बताए । लेखा समिति संयोजक घिमिरेले कांग्रेसको मुख्य आम्दानी सदस्यता लेबी, नवीकरण, शुल्क रहेको जनाए । कांग्रेसले आफ्नो रकम निर्वाचन, अधिवेशन, कार्यालय सञ्चालन, भ्रातृसङ्गठन, ह्रास तथा अपलेखनमा खर्च हुने गरेको पनि लेखा समिति संयोजक घिमिरेले प्रतिवेदनमार्फत जानकारी गराए ।

पेस गरिएका प्रतिवेदनमा बुधबारदेखि छलफल हुनेछ भने बैठक फागुन १० गतेसम्म सञ्चालन हुनेछ ।

## सामाजिक सद्भाव कायम गराउन सर्वपक्षीय सहमति

वर्षौँदेखिको शान्त वीरगंजमा नेपाली जनताबीचको सुसम्बन्ध र एकता विखण्डन गर्न खोज्ने जुनसुकै दुष्प्रयास विफल पार्न सामूहिक प्रयास गरिने निर्णय गरेका छौँ ।
**राजेशमान सिंह, नगरप्रमुख,**
वीरगंज महानगरपालिका

धार्मिकस्थलमा नाराबाजी, जुलुशलगायतका विरोधका कार्यक्रम नगर्ने र गरिए कारबाहीको दायरामा ल्याउन प्रहरी प्रशासनलाई सहयोग गर्ने सहमति भएको छ ।
**शिव लम्साल, प्रवक्ता**
जिल्ला प्रशासन कार्यालय पर्सा

### किन कर्फ्यु ?

रौतहटको ईशनाथ नगरपालिकामा केही दिनअघि दुई पक्षबीच भएको झडपको विरोधमा एक समूहले वीरगंजमा सोमबार निकालेको प्रदर्शनक्रममा दुई पक्षबीच झडपको स्थिति सृजना भएपछि जिल्ला प्रशासन कार्यालय पर्साले सोमबार साँझ ५ बजेदेखि अनिश्चितकालीन निषेधाज्ञा जारी गरेको हो । सर्वसाधारणको सहजताका लागि मंगलबार बिहान ६ देखि १० बजेसम्मका लागि खुला गरिएको निषेधज्ञा पुनः लागू गरिएको पर्साका प्रमुख जिल्ला अधिकारी दिनेशसागर भुसालले जानकारी दिए । पूर्वमा नगवा चोक, पश्चिममा तिलावे पुल, उत्तरमा परवानीपुर पर्सा र दक्षिणमा मितेरी पुल (भन्सार) सम्म निषेधाज्ञा लगाइएको छ । महानगरको माईस्थान चोक, आदर्शनगर चोक, पावरहाउस चोक, मुर्ली चोक, घण्टाघर, ठाकुरराम बहुमुखी क्याम्पस, इदगाह चोक, भन्सार क्षेत्रलगायत मुख्य चोक तथा गल्लीमा ठूलो संख्यामा प्रहरी परिचालन गरिएको छ ।









**मधेशदृष्टि**
**वीरगंज ।**
सोमबार दिउँसो एकाएक हिन्दू र मुस्लिम समुदायको शक्ति प्रदर्शनसहितको जुलुश बजारमा निस्किएपछि बढेको तनावले वीरगंजको जनजीवन दुई दिनदेखि प्रभावित भएको छ । स्थानीय प्रशासनले कर्फ्यु लगाएर स्थिति नियन्त्रणमा लिने प्रयास गरे पनि सडकमा विरोधको आवाज रोकिएको छैन । मंगलबार जिल्ला प्रशासन कार्यालय पर्सामा भएको सर्वपक्षीय तथा सर्वदलीय बैठकले वीरगंजलाई शान्त बनाउने विषयमा सहमति भएको छ ।

प्रमुख जिल्ला अधिकारी दिनेश सागर भुसालको अध्यक्षतामा सम्पन्न बैठकले मुलुकको प्रमुख आर्थिक तथा व्यापारिक नगरी वीरगंजमा सदियौँदेखि कायम जातजाति, भाषा, धर्म, समुदायबीचको एकता र सद्भाव अरु मजबुत बनाउने निर्णय गरेको छ । बैठकले नेपाली जनताबीचको सुसम्बन्ध र एकता विखण्डन गर्न खोज्ने जुनसुकै दुष्प्रयास विफल पार्न सामूहिक प्रयास गरिने निर्णयसमेत भएको बैठकमा सहभागी वीरगंज महानगरपालिकाका नगरप्रमुख राजेशमान सिंहले बताए ।

बैठकमा वीरगंजका धार्मिकस्थलमा नाराबाजी, जुलुशलगायतका विरोधका कार्यक्रम नगर्ने–नगराउने र यस्ता किसिमका गतिविधि गर्नेलाई कानुनी कारबाहीको दायरामा ल्याउन प्रहरी प्रशासनलाई सहयोग गर्ने सहमति भएको जिल्ला प्रशासन कार्यालय पर्साका प्रवक्ता एवम् सहायक प्रमुख जिल्ला अधिकारी शिव लम्सालले जानकारी दिए । बैठकले खुल्लमखुलारुपमा डिजे तथा चर्को स्वरमा माइक बजाउने, राँके जुलुश, लठ्ठिभाला, हतियार प्रदर्शनसहितको जुलुश निकाल्नेलगायतका क्रियाकलाप गर्नेविरुद्ध कानुनबमोजिम कारबाही गर्ने निर्णय गरेको लम्सालले बताए ।

जिल्लाको शान्तिसुरक्षा र अमनचयनमा खलल पर्ने किसिमका धार्मिक र सामाजिक सद्भाव बिगार्ने एवम् द्वन्द्व उक्साउन अवाञ्छित गतिविधिका साथै धार्मिक, साम्प्रदायिक ¬याली, जुलुश, बन्द हड्ताललगायतका गतिवधि कुनै पनि संघसंस्था र समुदायले नगर्ने सहमति भएको छ । यस्तो गतिविधिमा कुनै पनि दल, नागरिक समाज र संघसंस्थाको सहभागिता नहुने सहमति पनि बैठकमा भएको लम्सालले बताए । यस्तै, सामाजिक सञ्जालमा कुनै पनि जातजाति, धर्म वा समुदायलाई लक्षित गरी नकारात्मक सामग्री पोष्ट गर्ने–गराउनेलाई पनि प्रशासनले कडा कारबाही गर्ने, सञ्चारमाध्यममा आपसी सद्भाव बढाउने किसिमका सञ्चार सामग्री निर्माण गरी प्रकाशन–प्रसारण गर्ने निर्णय गरेको छ ।

सर्वदलीय तथा सर्वपक्षीय बैठकमा सांसद प्रदीप यादव, प्रदेश सरकारका पर्यटन राज्यमन्त्री रहबर अन्सारी, वीरगंज महानगरपालिका नगरप्रमुख सिंहको उपस्थिति थियो । यस्तै, नेकपा एमालेका जिल्ला संयोजक विश्वम्भर शर्मा, जसपाका जिल्ला अध्यक्ष रामनरेश यादव, नेपाली कांग्रेसका नेता नरेन्द्र साह, जनमत पार्टीका जिल्ला अध्यक्ष ओमप्रकाश सर्राफको सहभागिता थियो । बैठकमा नेकपा एकीकृत समाजवादीका जिल्ला अध्यक्ष बालगोपाल थापा, लोसपाका जिल्ला अध्यक्ष पुरुषोत्तमलाल झा, राप्रपाका पन्नालाल पटेलको उपस्थिति थियो । यस्तै, पर्साका प्रहरी नायब उपरीक्षक कुमार विक्रम थापा, सशस्त्र प्रहरी उपरीक्षक किशन कर्माचार्यलगायतको सहभागिता थियो ।

## अनिश्चितकालीन कर्फ्यु जारी



स्थिति सहजै शान्त नहुने वातावरण देखिएपछि वीरगंज महानगरपालिका क्षेत्रमा सोमबारदेखि जारी अनिश्चितकालीन कर्फ्यु कायमै राखिएको छ । दोस्रो दिन मंगलबार बिहान ६ बजेदेखि १० बजेसम्म कर्फ्यु हटाइए पनि पुनः १० बजेदेखि लगाइएको हो । बिहान सर्वसाधारणलाई थप सहज होस् भन्ने उद्देश्यले ४ घण्टा कर्फ्यु हटाइएको र १० बजेबाट पुनः जारी गरिएको पर्साका प्रमुख जिल्ला अधिकारी दिनेश सागर भुसालले बताए । कर्फ्यु आदेश जारी भए पनि वीरगंजका सरकारी कार्यालय तथा बैंक खुलेका थिए भने बजार, यतायात, हुलहुज्जत भएर हिँडडुल, नाराजुलुस गर्न पूर्णरुपमा बन्देज लगाइएको थियो ।

वीरगंजमा जारी कर्फ्यु आदेश पालना गराउन नेपाल प्रहरी र सशस्त्र प्रहरी व्यापकरुपमा परिचालन गरिएको छ । जिल्ला प्रहरी कार्यालय पर्साका निमित्त प्रहरी प्रमुख कुमार विक्रम थापाले दोस्रो दिनको कर्फ्यु पालना गराउन प्रत्येक मुख्य सडक, चोक एवम् संवेदनशील ठाउँमा ठूलो संख्यामा नेपाल प्रहरी र सशस्त्र प्रहरी परिचालन गरिएको बताए ।

यसैबीच पर्सा प्रहरीले महानगरपालिकाभित्र कर्फ्यु आदेश जारी रहेको समयमा उच्श्रृंखल गतिविधि गरेको भन्दै विभिन्न स्थानबाट ९ जनालाई पक्राउ गरेको छ । कर्फ्यु बेवास्ता गरेर टायर बाल्दै प्रदर्शन तथा नाराबाजी गरेको आरोपमा ९ जनालाई पक्राउ गरिएको हो । पक्राउ परेकाहरुलाई जिल्ला प्रहरी कार्यालय पर्साको निगरानीमा राखिएको छ ।

## सनातन हिन्दू राज्यका पक्षमा आठसय हस्ताक्षर

**मधेशदृष्टि**
**काठमाडौँ ।**
एकातिर नेपाली कांग्रेसका युवा पुस्ता अबको निर्वाचनमा एक्लै लड्नु पर्ने र गठबन्धन छाड्नुपर्ने विषयमा वकालत गरिरहेका छन् । अर्कातिर त्यही कांग्रेसभित्र सनातना हिन्दूका पक्षमा हस्ताक्षर अभियान भुसको आगो झैँ भित्रभित्रै सल्किएको छ ।

काठमाडौँमा जारी महासमिति बैठकमा ८ सय महासमिति सदस्य र ३८ केन्द्रीय सदस्यले सनातन हिन्दू राज्य नेपाल कांग्रेसको नीति हुनुपर्ने भनेर हस्ताक्षर गरेका छन् । कांग्रेस नेता शंकर भण्डारी नेतृत्वको सनातन हिन्दु राष्ट्र पुनःस्थापना महाअभियानले कार्यक्रमस्थलमै हिन्दू राष्ट्रका पक्षमा हस्ताक्षर संकलन गरिरहेको छ । यसका लागि उनीहरुले स्टल नै राखेका छन् ।

बुधबारसम्म १ हजार २ सय महासमिति सदस्यले हिन्दूका पक्षमा हस्ताक्षर गर्ने अनुमान गरिएको छ । महासमितिमा २ हजार ३ सय सदस्य छन् । पार्टीका केन्द्रीय स्तरका नेता शंशाक कोइराला, रामहरि खतिवडालगायतका नेताहरुले पनि हिन्दूका पक्षमा हस्ताक्षर गरेका छन् ।

## क्षतिपूर्ति दिलाउने सहमति



**सञ्जय मिश्रा**
**रौतहट ।**
केही दिनदेखि देखिएको दुई समुदाय बीचको तनाव हटाएर सदभाव कायम राख्न चौतर्फी पहल सुरु भएको छ । दुवै समुदायको भएको क्षतिमा क्षतिपूर्ति दिलाउन जनप्रतिनिधि, स्थानीय प्रशासन प्रयासरत देखिएका छन् । ईशनाथ नगरपालिकामा भएको क्षतिबारे बुझ्न स्थानीय प्रशासनले मंगलबार स्थलगत अनुगमन निरीक्षण गरेको छ । सरस्वतीको मूर्ति बिसर्जन गर्ने विषयमा ईशनाथ–७ घिउरागाउँमा दुई समुदायबीच झडप भएको थियो। हिन्दू समुदायले मूर्ति बिसर्जनका लागि शनिबार लगिरहेको ट्रयाक्टर, डिजे बाजा मुस्लिम समुदायले तोडफोड गर्नुका साथै उनीहरुले घरको छतबाट प्रहार गरेको ढुंगाले कैयौँलाई चोटपटक लागेको थियो । सोही घटनाको बदलास्वरूप भोलिपल्ट आइतबार हिन्दू युवाले ईशनाथ–२ औरैयास्थित मस्जिदको माइकसेट तोडफोड गरेका थिए । रौतहट क्षेत्र–२ का संघीय सांसद किरण कुमार साहको सुझावअनुसार मंगलबार स्थानीय प्रशासनले क्षतिबारे वास्तविकता बुझ्न स्थलगत अनुगमन निरीक्षण गरेको हो ।

अनुगमन टोलीमा सांसद साह, सिडिओ हीरालाल रेग्मी, एसपी महेन्द्र श्रेष्ठको सहभागिता थियो । निरीक्षणक्रममा घटनामा भएको क्षतिको ईशनाथ नगरपालिकाले तत्काल क्षतिपूर्ति भर्ने सहमति भएको एसपी श्रेष्ठले बताए । निरीक्षणपश्चात सांसद साहसहित प्रशासन प्रमुख दुवै समुदायका अगुवासँगै स्थानीयलाई राखेर सद्भाव कायम गराउन छलफल भएको थियो । छलफलमा हिन्दू र मुस्लिम अगुवाका साथै सहभागी जनप्रतिनिधिले आआफ्नो समुदायलाई सम्झाईबुझाई अब सबै मिलेर सौहार्दपूर्ण रुपमा बस्ने प्रतिवद्धता जनाएका थिए । हिन्दू मुस्लिमबीच पूरै भाईचारा निर्वाह गर्न कुनै सामाजिक समस्या देखिए दुवै समुदाय बसेर छलफल गरी समाधान निकाल्नेसमेत सहमति भएको एसपी श्रेष्ठले जानकारी दिए । यसअघि शनिवार सरस्वतीको मूर्ति बिसर्जनका विषयमा अवस्था तनावग्रस्त हुँदा सिडिओ रेग्मीले अनिश्चितकालीन करफ्यु आदेश जारी गरेका थिए । ईशनाथ नगरपालिका वडा २, ३, ४, ५, ६ र ७ मा लगाइएको अनिश्चितकालीन कर्फ्यु जारी छ । एसपी श्रेष्ठले अवस्था अनुसार परिचालित प्रहरी घटाइने र जिल्ला सुरक्षा समितिको निर्णयअनुसार कर्फ्यु हटाइने जानकारी दिए ।

## मनीष र पंकज रिहा

**मधेशदृष्टि**
**जनकपुरधाम ।**
महोत्तरीको सम्सीमा महावीर झन्डाको कलशयात्रा गर्ने क्रममा रामध्वनि चर्को भएको भन्दै भिएको प्रतिकारमा उत्रिएका दुई समुदायबीचको विवादबाट उत्पन्न परिस्थितिलाई लिएर जनकपुरमा प्रदर्शनमा उत्रिएका दुई हिन्दूवादी कार्यकर्ता पक्राउको एक दिनपछि रिहा भएका छन् ।

सम्सी घटनामा बिनाकारण फरक समुदायबाट हिन्दूले हिंसात्मक आक्रमण झेल्नु परेको र त्यसबाट हिन्दूले धार्मिक तथा सांस्कृतिक पर्व, उत्सव मनाउन कठिन रहेको भन्दै घटनाविरुद्ध जनकपुरधामको रामानन्दचोकमा विरोध प्रदर्शन गर्न पुगेका दुई हिन्दूवादी कार्यकर्तालाई धनुषा प्रहरीले पक्राउ गरेको थियो । उनीहरु मंगलबार रिहा भएका छन् ।

उनीहरु हिन्दू गणतन्त्र नेपालका पक्षमा आवाज उठाउँदै आएको विनय यादव नेतृत्वको राष्ट्रिय एकता अभियानका स्थानीय नेता मनीष पूर्वे र पंकज झा हुन् । धनुषाका प्रमुख जिल्ला अधिकारी चक्रपाणि पाण्डेले शान्तिसुरक्षाका प्रयोजनले उनीहरूलाई हिरासतमा लिइएको र मंगलबार छाडिएको बताए ।

# गोरखाबाट निर्वाचन लडेको औचित्य पुष्टि गर्छुः प्रधानमन्त्री



**रासस**
**काठमाडौँ ।**
प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'ले गोरखाले चीरकालसम्म स्मरण गर्नेगरी सो जिल्लाको विकासमा लागिपरेको बताएका छन् । प्रधानमन्त्री निवास बालुवाटारमा मंगलबार गोरखा पत्रकार समाज नेपालका पदाधिकारीसँगको भेटमा प्रधानमन्त्री दाहालले गोरखाको विकासमार्फत् आफू निर्वाचनका लागि गोरखा गएको औचित्य पुष्टि गर्ने बताएका हुन् । उनले भने, 'यसपटक नीतिगत निर्णय र बजेट बिनियोजनको कमाण्ड लिएको छु, गोरखा मेरो उच्च प्राथमिकतामा छ । सबैले महसुस गर्नेगरी काम गर्ने मेरो योजना छ ।' उनले जनताका अपेक्षा धेरै भएको भन्दै गोरखाको विकासमा चाहेजति ध्यान दिन नसकेको पनि उल्लेख गरे ।

बिगतमा समयको दबाबले अपेक्षाअनुसारको काम गर्न नसकेको उल्लेख गर्दै उनले यसपटक भने आफूले गोरखालाई उच्च प्राथामिकतामा राखेको दोहोर्‍याए । उनले आँपपिपल अस्पतालको क्षमताअभिबृद्धिका लागि मन्त्रिपरिषद्बाट निर्णय भइसकेको जानकारी गराउँदै केही दिनभित्र बुढीगण्डकी आयोजना शिलन्यास हुने बताए । उनले भने, 'बुढीगण्डकी जलविद्युत् आयोजना निर्माणका लागि स्रोतको सुनिश्चितता भइसकेको छ । अब केही दिनभित्रै शिलन्यास हुन्छ । यसले पनि गोरखामा मात्रै नभइ मुलुकमा नै केही राम्रो काम हुँदैछ भन्ने सन्देश जानेछ ।' उनले हाल बन्द रहेको गोरखकाली रबर उद्योग सञ्चालनका लागि गम्भीर छलफल भइरहेको जानकारी गराउँदै रुग्ण उद्योगहरु सञ्चालनका लागि अध्ययन भइरहेको बताए ।

प्रधानमन्त्री दाहालले कृषि क्याम्पस र कृषि तथा प्रविधिपार्क निर्माण गर्ने सोचमा आफू रहेको सुनाए । उनले केही समयअघि भएको आफ्नो चीन भ्रमणका क्रममा पनि यस विषयमा छलफल भएको जानकारी गराए । उनले भने, 'चीनमा राँगा र भैँसीको मासुको माग उच्च रहेछ । गोरखामा नै यस्तो केन्द्र निर्माण गर्नुपर्छ भन्ने मेरो सोच छ । रामपुरमा बनाउने कुरा पनि भएको थियो तर मेरो प्राथामिकता गोरखामा नै छ । यसतर्फ म लागिरेहेकै छु ।'

**त्रिविको उपकुलपति नियुक्ति प्रक्रियामै**

प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'ले त्रिभुवन विश्वविद्यालयको उपकुलपतिको नियुक्ति प्रक्रियामै रहेको स्पष्ट पारेका छन् ।

प्रधानमन्त्री निवास बालुवाटारमा गोरखा पत्रकार समाज नेपालका पदाधिकारीसँगको भेटमा सोधिएको जिज्ञासामा उनले भने, 'त्रिविको उपकुलपति नियुक्ति प्रक्रियामै छ, सामाजिक सञ्जालमा आएको विषयमा कुनै सत्यता छैन ।'

पत्रकारिता जगतले सत्यतथ्य र विश्वसनीय सूचनामा विश्वास गर्नुपर्नेमा जोड दिँदै उनले सामाजिक सञ्जालमा आएका विषयलाई लिएर धारणा नबनाउन आम नागरिकलाई आग्रह गरे । प्रधानमन्त्री दाहालले गत पुसमा भएको बालकुमारी घटनाका सम्बन्धमा प्राप्त प्रतिवेदन आफूले अध्ययन गरिरहेको जानकारी दिँदै त्यस विषयमा छिट्टै निर्णय लिइने बताए ।

# एमालेका नवनिर्वाचित पदाधिकारीद्वारा सपथग्रहण

**मधेशदृष्टि**
**रौतहट ।**
नेकपा एमाले रौतहट जिल्ला कमिटीको नव निर्वाचित पदाधिकारी, सदस्यहरु, लेखा समितिका पदाधिकारी र सदस्यहरुको सपथ ग्रहण कार्यक्रम सम्पन्न भएको छ । गत माघ २९ गते सम्पन्न जिल्ला अधिवेशनबाट निर्वाचित सम्पुर्ण जिल्ला कमिटीका पदाधिकारी, सदस्य, लेखा समितिका पदाधिकारी र सदस्यहरुलाइ गरुडा स्थित तुलसीलाल अमात्य स्मृति भवनमा नव निर्वाचितलाई सपथग्रहण गराइएको थियो । जिल्ला अधिवेशनबाट रौतहट जिल्ला कमिटिको अध्यक्षमा सचितानन्द साह, उपाध्यक्ष रुपेश पटेल, सचिब बाबुराम दाहाल, उपसचिव अवधेश यादव, महिला उपसचिवमा मुना लामिछाने लगायत १ सय १७ जना निर्वाचित भएका छन् ।

यसैगरी लेखा समितिको अध्यक्षमा ताराचन्द्र पटेल –पवन), उपाध्यक्षमा रमेश तिमलसिना, सचिवमा रवि मिश्र लगायत ७ जना निर्वाचित भएका छन् ।

पार्टी जिल्ला अध्यक्ष सचितानन्द साह र लेखा समितिका अध्यक्ष तारा चन्द्र पटेललाई निर्वाचन समितिका संयोजक बिरबहादुर गोलेले सपथ ग्रहण गराएका थिए । त्यसैगरी जिल्ला कमिटिका पदाधिकारी तथा सदस्यहरुलाइ जिल्ला अध्यक्ष साह र लेखा समितिका पदाधिकारी तथा सदस्यहरुलाई लेखा समितिका अध्यक्ष पटेलले सपथग्रहण गराएका थिए ।

सपथ ग्रहण कार्यक्रमका प्रमुख अतिथि तथा मधेश प्रदेश ईन्चाज योगेश भट्टराईले नव निर्वाचित कमिटिलाई बधाइ दिदै सक्रिय भएर पार्टीमा काम गर्न आग्रह गरेका छन् । रौतहटमा अब संगठनको काम तीव्र्र रुपमा गर्न र संगठित सदस्यहरु बढाउन र संगठनलाई टोलटोलमा पुर्याउन सचिव भट्टराईलले आग्रह गरे । संगठन बलियो हुने बितिकै अर्को निर्वाचनमा ४ वटै क्षेत्रमा नेकपा एमालेको जितलाइ कसैले पनि रोक्न नसक्ने उनले दाबी गरे । एमाले मधेश प्रदेशका अध्यक्ष चण्देश्वर मण्डल, एमाले नेता अखिलेश चौधरी, गरुडा नगरपालिकाका मेयर कन्थमणी जयसवाल, मधेश प्रदेशका संसद केशब चौधरी, पार्टीका मधेश प्रदेश सदस्य अंशु सिंह लगायतले शुभकामना ब्यक्त गरेका थिए ।

जिल्ला अधिवेशनबाट चन्द्रपुर नगरपालिकाले ११ जना सदस्य पाएको छ भने माधब नारायण नगरपालिकाले ९ जना सदस्य, गरुडाले ८, राजदेबी नगरपालिकाले ७, गौर नगरपालिकाले ७, गुजराले ६ जना सदस्य पाएका छन् । यसैगरी राजपुर, बृन्दावन र गढीमाईले ५÷५ जिल्ला कमिटी सदस्य पाएका छन् । यस्तै यमुनामाइ र दुर्गाभगवती गाउँपालिकाबाट ३÷३ जना सदस्य पाएका छन् । इशनाथ, मौलापुर, देवाही गुनाही र फतुवा बिजयपुर नगरपालिकाले पनि ३÷३ जना जिल्ला सदस्य पाएका छन् । त्यस्तै बौधीमाइले २ जना, कटहरियाले २ जना, परोहाले १ जना जिल्ला सदस्यमा स्थान पाएका छन् । जिल्ला कमिटिका पदाधिकारी ५ जना, लेखा समितिमा अध्यक्ष तथा पदाधिकारी सहित ७ जना रहेका छन् ।

# एमालेका ६० प्रतिशतले सदस्यता नवीकरण गरेनन्ः तुलाधर



**मधेशदृष्टि**
**हेटौँडा ।**
नेकपा (एकीकृत समाजवादी) पार्टीका उपमहासचिव एवम् बागमती प्रदेश इञ्चार्ज डा. गंगालाल तुलाधरले नेकपा एमालेका संगठित सदस्यमध्ये ६० प्रतिशत सदस्यले सदस्यता नवीकरण नगरेको बताएका छन् ।

नेकपा (एकीकृत समाजवादी) पार्टी मकवानपुरको नवौँ सचिवालय बैठकलाई हेटौँडामा सम्बोधन गर्दै इञ्चार्ज तुलाधरले पार्टीभित्र बढिरहेको विकृति र बदमासी गर्नेहरुलाई दिइएको संरक्षणले इमान्दार कार्यकर्ता पंक्तिले सदस्यता नवीकरणमै रुचि नदेखाएको बताएका हुन् । उनले भने, 'एमालेभित्र एउटा नेताको कम्पनी निर्माण हुँदै गएको र कैयौँ वरिष्ठ नेताहरुले समेत मनको उकुसमुकुस पनि पोख्ने ठाउँ नपाइएको अवस्थामा सदस्यता नवीकरण पनि कम भएको पाइएको छ ।' उनले एमालेभित्रको यही बेथितिले नेकपा (एकीकृत समाजवादी) पार्टीमा प्रवेशको लहर देशैभर बढिरहेको बताए ।

यस्तै, बागमती प्रदेश सहइञ्चार्ज एवम् स्थायी कमिटी सदस्य ललित बस्नेतले संगठन निर्माणमा जुट्न नेता कार्यकर्तालाई आग्रह गरे । उनले मसिनोसँग ग्रामीणस्तरमा पुगेर जनताका पीरमर्का सुन्दै पार्टी निर्माण गर्न सकिने आधार एमालेले नै बनाइरहेको बताए ।

पूर्वमन्त्री एवम् पार्टी स्थायी कमिटी सदस्य विरोध खतिवडाले बाहिर हल्ला गरिएजस्तो मकवानपुरमा समाजवादी पार्टी कमजोर नरहेको र कार्यकर्ता निरास नदेखिएको बताए । 'झट्ट हेर्दा त पार्टीका केन्द्रीय उपाध्यक्ष, दुई जिल्ला अध्यक्षले नै पार्टी छाडेपछि निरासा छाएको हल्ला छ, तर संगठन बनिरहेको छ, एमालेका युवा पंक्ति समाजवादीमा आइरहेका छन् र कार्यकर्ता उत्साहका साथ लागेका छन्,' खतिवडाले भने 'पार्टी निर्माणको चरणमा छ, सानो छ र गठबन्धनलाई हाम्रो लयमा हिँडाउने गरी काम भइरहेकाले समाजवादी पार्टीको यात्रा सहज भएकाले अरु धेरै नेता कार्यकर्ता प्रवेश गर्ने चरणमा छन् ।'

कार्यक्रममा पार्टी केन्द्रीय सदस्यहरु मुनु सिग्देल, राजाराम स्याङ्तान, मिना लामा, गोविन्दराम चेपाङ, निर्वाचन आयोग सदस्य रामचन्द्र बल, प्रदेश कमिटी सचिव तथा मन्त्री लक्ष्मण लम्साल, सदस्य जीवन लामालगायतका नेता कार्यकर्ताहरुको सहभागिता थियो । कार्यक्रम पार्टी अध्यक्ष विष्णु दाहालको अध्यक्षतामा भएको हो । बैठकले संगठन तथा सदस्यता विस्तार अभियान २०८० कार्यान्वयन तथा माघ २५ गतेदेखि चैत २५ गतेसम्म दश वटै पालिकामा अभियान सम्पन्न गर्न नेता कार्यकर्ता परिचालन गरेको छ ।

मनहरी गाउँपालिकामा स्थायी कमिटी सदस्य बिरोध खतिवडा, जिल्ला उपाध्यक्ष भूमिनन्द अर्याल, निर्वाचन क्षेत्र संयोजक रामकुमार एलन, टंक मुक्तान, शिवकुमार रिजाल काशी, किशोर बर्तौलासहितको टोली परिचालन हुने भएको छ । यस्तै, बकैया गाउँपालिकामा पोलिटब्युरो सदस्य घनप्रसाद गौतम, उपसचिव कविन पन्त, कल्पना विश्वकर्मा, रामेश राई, भरत लामिछाने, सन्जीव लो, शिवबहादुर खुलालसहितको टोली परिचालन हुने छ ।

यस्तै, बागमती गाउँपालिकामा केन्द्रीय सदस्य गोमा तिमल्सिना, प्रदेश सदस्य यादव गजुरेल, जिल्ला अध्यक्ष विष्णु प्रसाद दहाल, उपसचिव कविन पन्त, होमनाथ चौलागाईंसहितको टोली परिचालन हुनेछ । भीमफेदी गाउँपालिकामा केन्द्रीय सदस्य मुनु सिग्देल, कृष्ण बहादुर भोम्जन, शिवहरि बर्तौला, शान्ति प्रियवन्दनासहितको टोली परचालन हुने छ । ईन्द्रसरोवर गाउँपालिकामा केन्द्रीय निर्वाचन आयोग सदस्य रामचन्द्र बल, प्रदेश सदस्य जीवन लामा, कुन्साङ् लामासहितको टोली परिचालन हुने बताइएको छ । कैलाश गाउँपालिकामा केन्द्रीय सदस्य राजाराम स्याङ्तान, प्रदेश सदस्य गौतम बुद्ध लामा, किशोर बर्तौला, टंक मुक्तान, कालु ढकाल, अर्जुन गौतमसहितको टोली परिचालन हुने बताइएको छ । हेटौँडा उपमहानगरपालिकामा केन्द्रीय सदस्य मिनाकुमारी लामा, प्रदेश सदस्य सीता अधिकारी, रामचन्द्र ढकाल, गायत्री सुबेदी, पार्टी सचिव धुरव भुजेल, उपसचिव किशोर टण्डन, सदस्य विष्णुमाया लामासहितको टोली परिचालन हुनेछ ।

राक्सिराङ गाउँपालिकामा स्थायी कमिटी सदस्य विरोध खतिवडा, केन्द्रीय सदस्य गोविन्दराम चेपाङ, प्रदेश सदस्य कृष्णबहादुर चेपाङ्, उपाध्यक्ष भूमिनन्द अर्याल, निर्वाचन क्षेत्र संयोजक रामकुमार एलन, सचिवालय सदस्य किशोर बर्तौला, जिल्ला सदस्य ज्ञानेन्द्र तामाङ्सहितको टोली परिचालन हुने बताइएको छ । मकवानपुर गढी गाउँपालिकामा केन्द्रीय सदस्य मुनु सिग्देल, जिल्ला अध्यक्ष विष्णु प्रसाद दाहाल, सचिवालय सदस्यहरु मदन रिमाल, राजन दाहाल, दुर्गा दाहालसहितको टोली परिचालन हुने छ । थाहा नगरपालिकामा केन्द्रीय निर्वाचन आयोग सदस्य रामचन्द्र बल, प्रदेश सदस्य ईश्वर रुम्बा, जिल्ला उपसचिव किरणमान बल, सानुकाजी गोपाली, एबि थापासहितको टोली परिचालन हुनेछ ।

नवौँ सचिवालय बैठकले किशोर बर्तौला र शिव बहादुर खुलाललाई जिल्ला कमिटी सदस्यमा मनोनयन गरेको छ । यस्तै, दुर्गा प्रसाद दाहाल, मनोज सुवेदी, समीर श्रेष्ठ र किशोर बर्तौलालाई सचिवालय सदस्यमा मनोनयन गरेको छ ।

दुर्गा प्रसाद दाहाललाई नेपाल रिटर्नी फेडेरेसनको मकवानपुर इञ्चार्जका रुपमा पार्टीले जिम्मेवारी तोकेको छ ।

बैठकमा नेकपा एमाले मनहरी गाउँ कमिटी सदस्य एवम् वडा नम्बर ५ का पूर्व जनप्रतिनिधि, रिटर्नी फेडेरेसन मनहरीका सदस्य महेन्द्रराज खड्का नेकपा एमाले परित्याग गरी नेकपा (एकीकृत समाजवादी) पार्टीमा प्रवेश गरेका छन् । उनलाई पार्टी उपमहासचिव डा. गंगालाल तुलाधर, स्थायी कमिटी सदस्य ललित बस्नेत, विरोध खतिवडालगायतका नेताले स्वागत गरे । यस्तै, नेकपा एमाले मनहरी–५ का युवा नेता लक्ष्मण लामिछाने पनि एमाले परित्याग गरी नेकपा एकीकृत समाजवादीमा प्रवेश गरेका छन् ।

2080/06/25 गते स्टेशन रोड भानु चोक बाट कदम चोक हुँदै रा•रा•ब क्याम्पस जाने क्रममा +2 Science intermediate level को माइग्रेसन प्रमाणपत्र हराएको हुनाले पाउनु भएको जोकोही ले यो नम्बर मा ९८४४१११९९९ सम्पर्क गर्दिन हुन हार्दिक अनुरोध गर्दछु ।

# कोरियन भाषा परीक्षा २०८१ पुस २ गतेसम्म

**रासस**
**काठमाडौँ ।**
इपीएस कोरिया शाखाले सुरु गरेको कोरियन भाषा परीक्षा आगामी २०८१ पुस २ गते सकिने भएको छ । सोमबार पहिलो चरणअन्तर्गत सुरु भएको उक्त परीक्षामा ४७ हजार पाँच सय १९ जना सहभागी हुने उक्त परीक्षा आउँदो चैत २४ गते सकिने इपीएस कोरिया शाखाका निर्देशक मैयाँ कँडेलले जानकारी दिए । उनका अनुसार दोस्रो चरणमा ७९ हजार नौ सय ३७ जनाको परीक्षा लिइने भएको र उक्त परीक्षा आउँदो २०८१ को वैशाख ३१ गतेदेखि साउन १६ गतेसम्म सञ्चालन हुने छ । यसैगरी तेस्रो चरणको परीक्षामा ३६ हजार एक सय ७९ जना परीक्षार्थी सहभागी हुने तथा उक्त परीक्षा २०८१ कात्तिक २६ गतेदेखि सुरु भएर २०८१ पुस २ गतेसम्म सञ्चालन हुने भएको छ । सन् २०२३ का लागि कोरियाको उत्पादनमूलक क्षेत्रतर्फ एक लाख ६३ हजार ६ सय ३५ जनाले आवेदन दिएको इपीएस कोरिया शाखाले जनाएको छ ।

राष्ट्रिय व्यावसायिक प्रशिक्षण प्रतिष्ठान, भैँसेपाटीमा परीक्षा सुरु भइरहेको र उक्त परीक्षाका लागि एक दिनमा पाँचवटा सिफ्ट तयार गरी दिनमा एक हजारजनाले परीक्षा दिन थालेको इपीएस कोरिया शाखाका निर्देशक कँडेलले जानकारी दिए । उनले भने, 'पहिलो सिफ्टमा करिब ४७ हजार पाँच सय १९ जनाले कोरियन भाषा परीक्षा दिनेछन्, शनिबार पनि परीक्षा लिने गरी व्यवस्था मिलाएका छौँ, तीन चरणमा सञ्चालन हुने उक्त परीक्षा आगामी २०८१ पुस २ गते सकिन्छ ।' परीक्षाको अघिल्लो दिन आफ्नो सिफ्टअनुसार इपीएस शाखा, कार्यालय ग्वार्कोमा बायो–मेट्रिक रजिस्ट्रेसन फिङ्ग्रिन्ट दर्ताको लागि उपस्थित भई परीक्षाको दिन परीक्षा केन्द्र भैँसेपाटीमा बायोमेट्रिक भेरिफाइ हुने इपीएस कोरिया शाखाका शाखा अधिकृत कमल श्रेष्ठले जानकारी दिए ।

परीक्षा समयभन्दा एक घण्टाअघि परीक्षा हलमा परामर्श सुरु हुने र निर्धारित समयमा उपस्थित नभएमा परीक्षामा सहभागी नगराइने निर्देशक कँडेलले बताए । उनका अनुसार उक्त परीक्षामा मोबाइल फोन, स्मार्ट वाचलगायतका कुनै पनि विद्युतीय सञ्चारका साधन लैजान निषेध गरिएको छ । यसैगरी परीक्षामा चिट, कपी गरेको तथा अरू अवाञ्छित गतिविधि गरेको भेटिएमा परीक्षा रद्द गर्नका साथै चार वर्षसम्मका लागि परीक्षामा समावेश हुन निषेध गरिएको इपीएस कार्यालयले जनाएको छ ।



# समाजवादी इन्जिनियरिङ्ग अध्यक्षमा यादव



**मधेशदृष्टि**
**वीरगंज ।**
समाजवादी इन्जिनियरिङ्ग एसोसिएशन नेपाल (सीन) मधेश प्रदेश को प्रथम प्रदेश अधिवेशनबाट ई. रोशन यादव अध्यक्षमा चयन भएका छन् ।
नेकपा एकीकृत समाजवादीका अध्यक्ष एवम् पूर्व प्रधानमन्त्री माधव कुमार नेपालको प्रमुख आतिथ्यतामा सम्पन्न अधिवेशनले यादवको नेतृत्वमा नयाँ कार्यसभिति चयन भएको छ ।
समितिको उपाध्यक्षमा पुनित यादव, सचिवमा मुकेश कुमार यादव, कोषाध्यक्षमा अगम महतो र सदस्यहरुमा पुजा यादव, शैलेश गोइत, नबिन कुमार सिंह, रवि कुमार गुप्ता, नवराज यादव, श्याम सुन्दर सिंह, सुनिल कुमार यादव, सोनु कुमार साह, राहुल मण्डल, सुमित कुमार साह, सचिन यादव, जितेन्द्र यादव र नवीन कुमार यादव रहेका छन् ।



मोबाइलबाटै मधेशदृष्टि पढ्नका लागि स्क्यान गर्नुहोस्


# जीतपुरसिमरा महोत्सवको तयारी तीव्र




**मधेशदृष्टि**
**बारा ।**
बाराको जीतपुरसिमरा नगर उद्योग वाणिज्य संघको आयोजनामा फागुन तेस्रो सातादेखि प्रथम जीतपुरसिमरा महोत्सव हुने भएको छ । जीतपुरसिमरा ३ स्थित मालपोत कार्यालय नजिकको खुला चौरमा फागुन १८ गतेदेखि २९ गतेसम्म महोत्सव आयोजना गर्न लागिएको हो ।
'कृषि, पर्यटन, खेल, उद्योग र व्यापार, जीतपुरसिमरा, बारा मधेस समृद्धिको मुख्य आधार' को नारासहित केही दिन अघिदेखि तयारी थालेको संघले सोमबार पत्रकार सम्मेलनको आयोजना गर्दै महोत्सवको उद्देश्यका विषयमा जानकारी गराएको छ । आफ्नो नेतृत्वमा पहिलो पटक महोत्सवको आयोजना गर्न लागेको संघले १२ दिने महोत्सवले सुस्त रहेको व्यावसायिक क्षेत्रलाई चलायमान बनाउने अपेक्षा लिएको छ । संघका अध्यक्ष मोहन शर्मा लामिछानेले आर्थिक मन्दीका कारण ठप्प व्यावसायिक क्षेत्रलाई एकै थलोमा उभ्याउने र चलायमान बनाउन प्रवर्द्धन तथा प्रोत्साहन गर्ने उद्देश्य महोत्सवले राखेको बताए ।
महोत्सवमा समाजको हरेक क्षेत्रलाई समेट्न लागिएको उनले बताए । 'हाम्रो लक्ष्य सबैलाई एकै थलोमा उभ्याउने, व्यावसायिक संस्था वा व्यक्तिले उत्पादन, कला, सेवाको प्रवर्द्धन गर्न वातावरण बनाउने हो,' लामिछानेले भने, 'पक्कै पनि यो महोत्सव उहाँहरूका लागि एउटा प्लेटफर्म बन्नेछ र मन्द अवस्थामा रहेको व्यावसायिक क्षेत्रलाई चलायमान बनाउन कोशेढुंगा साबित हुनेछ ।' लामिछानेले महोत्सवमा आर्थिक, शैक्षिक, पर्यटन, कृषिलगायत विभिन्न क्षेत्रको प्रदर्शनी रहने जनाएका छन् । महोत्सव अवलोकन गर्न आउने नागरिकले ती व्यावसायिक क्षेत्रका बारेमा बुझ्न पाउने र आवश्यकता अनुसारका सामाग्री खरिद तथा सेवाबारे परामर्श लिन सक्ने लामिछानेको भनाइ छ । महोत्सवलाई करिब एक लाख भन्दा बढीले अवलोकन गर्ने लक्ष्य रहेको नगर उद्योग वाणिज्य संघले राखेको छ । महोत्सवमा प्रवेशका लागि विद्यार्थीले २५ र अन्यले ५० रुपैयाँ शुल्क तिर्नुपर्नेछ भने अपाङ्गता र ज्येष्ठ नागरिकले निःशुल्क अवलोकन गर्न सक्नेछन् । महोत्सवलाई सफल बनाउनका लागि स्थानीय, प्रदेश र सङ्घीय सरकार, निजी क्षेत्रबाट सहयोगको अपेक्षा संघले राखेको लामिछानेले बताएका छन् । महोत्सव आयोजनाका लागि स्थानीय सरकार, प्रशासन र सम्बन्धित क्षेत्रबाट स्वीकृति प्राप्त भइसकेको लामिछानेले जानकारी दिए ।
महोत्सवमा स्थानीय तथा राष्ट्रिय कलाकारको उपस्थितिमा दैनिक रूपमा सांस्कृतिक कार्यक्रम, कुस्ती प्रतियोगिता, बाल उद्यानलगायत विभिन्न मनोरञ्जनका क्षेत्रलाई समेटिने संघका महासचिव प्रकाश गिरीले बताए । उनले महोत्सवका तयारीका लागि २० वटा उपसमिति गठन गरी तयारी भइरहेको समेत जानकारी दिए । मंगलबार आयोजना गरिएको पत्रकार सम्मेलनमा संघका निवर्तमान अध्यक्ष सञ्जय साह, संस्थापक अध्यक्ष घनश्याम गिरी, नेपाल पत्रकार महासंघ बाराका अध्यक्ष रेशम तिवारी, प्रचार समितिका संयोजक राजुराज गिरीलगायतले मन्तव्य राखेका थिए । पत्रकार सम्मेलनमा उपाध्यक्ष गजेन्द्र गुप्ता, सचिव विष्णुप्रसाद अधिकारीलगायतको उपस्थिति रहेको थियो ।

# राजनीतिक र आर्थिक क्षेत्रमा महिलाको सहभागिता हुनुपर्छः यादव

**मधेशदृष्टि**
**रौतहट ।**
जनता समाजवादी पार्टी (जसपा) नेपालका केन्द्रीय अध्यक्ष उपेन्द्र यादवले राष्ट्रको विकासको लागि महिलाको राजनितिक र आर्थिक क्षेत्रमा समान अवसर हुनु जरुरी रहेको बताएका छन् । उनले महिला–पुरुषको समान अधिकार र अवसर नभएसम्म समतामूलक समाजको विकास हुन नसकिने बताए ।
प्रजातन्त्र दिवसको अवसर परेर राजदेवी मिडिया सेन्टर रौतहटले मंगलवार रौतहट जिल्लाको सदरमुकाम गौरमा आयोजना गरेको ११औँ जिल्लास्तरीय महिला साइकल दौड़ प्रतियोगिताको पुरस्कार वितरण कार्यक्रममा प्रमुख अतिथिको आशनबाट सम्बोधन गर्दै अध्यक्ष यादवले पितृ सत्तात्मक सोचको कारण नै अहिलेसम्म महिला पछि पारेको जिकिर गरे ।
उनले महिला सशक्तिकरणको लागि महिला साइकल दौड़ प्रतियोगिताले सकारात्मक सन्देश दिएको बताउँदै सामाजिक परिवर्तनको लागि विभिन्न क्षेत्रमा पुरुष जस्तै महिलालाई सहभागिता गराउनु पर्नेमा जोड दिए । कार्यक्रममा प्रतिनिधिसभा सदस्य रञ्जू ठाकुरले महिलालाई समान अधिकार र अवसर दिए पुरुषभन्दा अगाडि बढ्न सकिने बताइन् । बालिकाहरुले गरेको प्रदर्शनले आफू हर्षित भएको भन्दै उनले खेलकुदको विभिन्न प्ररूपमा बालिकालाई सहभागी गराउनुपर्ने अभिभावकहरुलाई आग्रहसमेत गरिन् । खेलकुदमा १४० जना सहभागीमध्ये छनोट भएर फाइनलमा सहभागी भएका २० जनामा गौर नगरपालिका– ५ की चञ्चला कुमारी प्रथम, राजदेवी नगरपालिका– ७ की रानी कुमारी यादव दोस्रो र गौर नगरपालिका– ४ की बबिता कुमारी तेस्रो भएका छन् ।
विजेतालाई ५० हजार रुपैयाँ नगदसहित शील्ड, दोस्रो स्थान प्राप्त गर्नेलाई ३० हजार रुपैयाँ नगदसहित शील्ड र तेस्रो स्थान प्राप्त गर्नेलाई नगद २० हजारसहित शील्ड र प्रमाणपत्र जसपा अध्यक्ष यादवले पुरस्कृत गरेका थिए । फाइनलमा भाग लिएका लक्ष्मी पटेल, अंशु पटेल, सिमरिखी कुमारी साह, गुड्डी कुमारी, सोफिया खातून, शारदा कुमारी, सुगन्धा कुमारी, कमली कुमारी साह, मौसम कुमारी पासवान, रीता कुमारी, अमिता कुमारी, अनिशा कुमारी साह, गुड़ी कुमारी, अञ्जली कुमारी, आँचल मिश्रा, नन्दनी झा र प्रीति कुमारी साहलाई सान्त्वना पुरुस्कार स्वरुप एक–एक थान साइकल दिइएको छ ।
आयोजक संस्थाका अध्यक्ष रामपुकार पटेलको सभापतित्वमा सम्पन्न भएको कार्यक्रममा मधेस प्रदेश सरकारका खानेपानी राजयमन्त्री अब्बुल कलाम आजाद (फूलबाबु), पूर्वकृषि राजयमन्त्री योगेन्द्र यादव, पूर्वप्रदेश सांसद रामकिशोर यादव, गौर नगरपालिकाका पूर्वउपप्रमुख किरण ठाकुर लगायतका वक्ताहरुले आ–आफ्नो शुभकामना व्यक्त गरेका थिए ।





मधेश प्रदेश सरकार
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
कृषि विकास निर्देशनालय
**कृषि ज्ञान केन्द्र, धनुषा**
**प्रथम पटक प्रकाशित मिति : २०८०।११।०८ गते**

**सूचना !** **सूचना !** **सूचना !!!**

आ.व. २०८०/८१ मा कृषि ज्ञाचन केन्द्र धनुषाले तपशिल अनुसारको कार्यक्रम "कृषि विकास कार्यक्रमको प्राविधिक मापदण्ड तथा संचालन बिधि २०८०" अनुसार संचालन गर्नको लागि इच्छुक कृषक/कृषि समुह/कृषि सहकारी/कृषि फर्म/कृषि उद्यमीहरुले आवश्यक कागजात सहित यो सूचना प्रकाशित भएको मितिले १५ दिन भित्र (अर्थात् २०८०/११/२२ गतेसम्म) यस केन्द्रमा तोकिएको ढाँचा अनुसार खामबन्दी आवेदन दर्ता गर्नु हुन सम्बन्धित सबैमा जानकारीको लागि यो प्रथम पटक सूचना प्रकाशित गरिएको छ। साथै यस विषयमा थप जानकारीको लागि फोन नं. ०४१-५२०१४८ मा सम्पर्क गर्न सकिनेछ।
निवेदन दर्ता हुने स्थान : कृषि ज्ञान केन्द्र धनुषा
निवेदन साथ पेश गर्नु पर्ने कागजातहरु :
१. सम्बन्धित निकायमा कृषि समूह/कृषि सहकारी/संस्था/समिति/कृषि फर्म दर्ता तथा नवीकरण भएको प्रमाण पत्रको प्रतिलिपि।
२. कार्यक्रम संचालन हुने स्थान (जग्गा जमिन) को स्वामित्वमा खुल्ने जग्गाधनी पुर्जाको प्रतिलिपि, भाडाको जग्गा भएमा कम्तिमा १० वर्षको सम्झौतानामा।
३. निवेदकको नागरिकता/परिचय खुल्ने प्रमाण पत्रको प्रतिलिपि।
४. कार्य समितिको निर्णको प्रतिलिपि।
५. मापदण्ड अनुसार क्षेत्रफल यकिन गर्न सकिने कागजातहरु

| सि.नं. | कार्यक्रम | कृषि विकास कार्यक्रमको प्राविधिक मापदण्ड तथा संचालन बिधि २०८० |
|---|---|---|
| १. | दलहन तथा तेलहन बाली उत्पादन मोडेल खेती प्रबर्द्धन कार्यक्रम | • समग्रमा २ बिघा क्षेत्रफलमा दलहन तथा तेलहन बालीको उत्पादन तथा उत्पादनकर्तालाई प्रशोधन तथा बजारीकरणमा सहयोग<br>• कृषि उत्पादन सामाग्रहिरु (बिउ, प्राङ्गारिक मल आदि) कृषि औजार तथा उपकरणहरु, साना सिंचाई पूर्वाधार, उत्पादनोपरान्त तथा कृषि व्यवसाय सेवा पुर्वाधार यातायातका क्षेत्रमा खर्च गर्न सकिने। |
| २. | व्यवसायिक संरक्षित खेति (पोलि हाउस/नेट हाउस/सेड हाउस, मलचिङ्ग लगायत आवश्यक प्रविधि | • व्यवसायिक संरक्षित खेति भन्नाले (पोलि हाउस/नेट हाउस/सेड हाउस) मा सूक्ष्म सिचाई पूर्वाधार तथा प्लाष्टिक मलचिङ्ग (छापो) प्रयोग गरी उच्च मूल्ययुक्त विशेष गरी तरकारी, मसलाबाली तथा अन्य बाली र सो का बेर्ना उत्पादन प्रविधि। |
| ३. | कागति उत्पादन प्रबर्द्धन तथा खेति क्षेत्र विस्तार कार्यक्रम | • कम्तिमा २० कठ्ठा क्षेत्रफलमा व्यवसायिक कागति खेती गर्नु पर्नेछ।<br>• कृषि उत्पादन सामाग्रीहरु (बेर्ना, बिरुवा, प्राङ्गारिक मल आदि) कृषि औजार तथा उपकरणहरु, साना सिंचाई पूर्वाधार, उत्पादनोपरान्त तथा कृषि व्यवसाय सेवा पूर्वाधार लगायतका क्षेत्रमा खर्च गर्न सकिने। |

डा. रामचन्द्र यादव
प्रमुख
रा.प. द्वितिय, तह दशैं



विद्यालय कोड नं. १७-०५५-०००५ ☎९८५४०८०७२०
**श्री जनता माध्यमिक विद्यालय सिमराढी गढी**
**सबैला न.पा.-१० (जि. धनुषा)**
**मधेश प्रदेश, नेपाल**
**स्था. २०१४**
**विषय :- सपेता रुख बिक्री टेण्डर सम्बन्धमा**
**प्रस्तुत विषयमा यस विद्यालयको सामित्वमा रहेको नम्बरी दर्ता भोगाधिकारमा रहेको जि. धनुषा शहिदनगर न.पा. वडा नं. ४ हौवाहीमा पर्ने किता नं. ३७९ पोखरी डिलमा रहेको सपेता रुख बिक्री गर्नका लागी गोप्य खाम सिलबन्दी टेण्डर आह्वान गरिएको छ।**
**शर्तहरु :-**
१) सूचना प्रकाशन भएको मितिले १५ दिन भित्र बेलुका ४:०० बजेसम्म खामबन्दी टेण्डर दर्ता गराई सक्नु पर्नेछ।
२) टेण्डर दर्ता शुल्क रु. ५००।- (फिर्ता नहुने गरी)
३) विद्यालयले राखेको न्यूनतम बिक्री रकम रु. ३०५,०००।- (अक्षरेपी तीन लाख पाँच हजार)
४) टेण्डर फारम सँग नागरिकता प्रमाण पत्रको फोटोकापी र टेण्डर फारम ठेकेदारले दस्तखत गरी बुझाउनु पर्नेछ।
५) टेण्डर फारम र कबुलियतनामा पत्र र खाम विद्यालयले उपलब्ध गराईनेछ।
६) मिति २०८०/११/२३ गते दिउँसो २:०० बजे टेण्डर खोलिनेछ।
७) कबुलियत गरेको रकमको ५% (पाँच प्रतिशत) रकम विद्यालयको च.हि.नं. ००८००१००४६४२४३००००१ ने.बै.लि. जनकपुरधामको खातामा दाखिला गरेको बैंक भाउचर समेत राखी बुझाउनु पर्नेछ।
८) आवश्यक सर्तहरु र अन्य थप जानकारीको लागि विद्यालयमा सम्पर्क गर्नुहोला।
**प्रधानाध्यापक**
**महेश्वर प्रसाद यादव**

*प्रजातन्त्र भनेको सर्वसाधारणमा आधारभूत आवश्यताबारे ज्ञान र त्यसलाई गुण तथा दोषका आधारमा चुन्न पाउने व्यवस्था हो ।*
*–एचएल मेन्सकेन*

## सम्पादकीय

# कर्फ्यु समाधान होइन

*हिन्दू र मुस्लिम समुदायबीचको तनावले मधेश प्रदेश समाचार बनिरहेको छ । अहिलेसम्म अप्रिय घटना भएको छैन । तर कुनै पनि बेला अप्रिय घटना हुनसक्ने विषयमा शंका रहेन । आक्रोश, उत्तेजना, भिडभाड, हतियार प्रदर्शन र ठूलो समूहमा साम्प्रदायिक समूह सडकमा आउने क्रम बढ्दो छ । एउटा जिल्लामा भएको घटनाको विषयलाई लिएर अरु थुप्रै जिल्लामा पनि शक्ति प्रदर्शनको होड चलेको छ । यसमा हिन्दू समूह र मुस्लिम समूहले प्रतिशोधको विषय बनाउने, चोकमा निस्केर शक्ति प्रदर्शन गर्ने–गराउने र सर्वसाधारणलाई ध्यानाकृष्ट बनाउने विषयमा एक हिसाबले होड नै चलेको देखिन्छ । यस्तो क्रियाकलाप रोकौँ भन्ने पनि छन् । तर यस्तो क्रियाकलापलाई सामाजिक सञ्जालमा उचालपछार गरेर स्वार्थको रोटी सेक्ने समूह पनि कम छैनन् । त्यसैले जहाँ घटना भएको छ, त्यहाँ सामान्यीकरण भइसक्दा अरु जिल्लामा चैँ यसले तनावको रुप लिने गरेको छ । यो रुपको पछिल्लो उदाहरण बनेको छ पर्सा जिल्ला । जहाँ दुई दिनदेखि कर्फ्यु लगाएर स्थिति सामान्य बनाउने प्रयास भइरहेको छ । यो अवस्था आउनुको कारण चैँ रौतहटको ईशनाथ नगरपालिकाको विवाद हो । त्यहाँ पनि कर्फ्यु जारी नै छ । यद्यपि सामाजिक सद्भाव कायम गराउँदै अवस्था सामान्यीकरणतिर गइरहेको छ ।*

*ईशनाथको घिउराटोलकै विषयलाई लिएर मधेश प्रदेशको राजधानी जनकपुरधाममा पनि हिन्दूवादी युवा सडकमा आए । स्थानीय प्रशासनले दुई युवालाई नियन्त्रणमा लिएर २४ घण्टापछि छाडेको छ । यो घटनालाई सामान्यीकरणमा लैजान जरुरी छ । महोत्तरी र रौतहटको घटनाअघि सर्लाहीको विवादले पनि कर्फ्यु लगाउनु परेको थियो । हिन्दूको चाडपर्वमा मूर्ति सेलाउने विषयमा कर्फ्यु लाग्नु मधेशमा सामान्य हुन थालेको छ । यस्तो अवस्थामा शान्तिसुरक्षा खल्बलिने संकेत प्रशासनले पाइरहेको छ । हरेक जिल्लामा धार्मिक संघसंस्थाका नाममा भइरहेको अराजकता नियन्त्रणमा दलहरुको चासो हुनु पर्ने बेला भएको छ । जस्तो कि पर्सा र रौतहटमा सर्वपक्षीय, सर्वदलीय बैठक बसेर सामान्यीकरण बनाउने प्रयास भएको छ । एउटा धार्मिक समुदायले अर्को धार्मिक समुदायको भावनामा ठेस नपुर्याउने गरी कार्य गर्न जरुरी छ । एउटै टोल, छिमेक भएकाले स्वाभाविकरुपमा केही न केही त असर पर्छ नै । तर स्थिति नियन्त्रणमा लिन कर्फ्युको सहारा लिनु त राज्यको दायित्व हो । खासमा बस्नु पर्ने त स्थानीयले नै हो । त्यसैले अराजक र उत्तेजक हुन जरुरी छैन ।*

*स्थानीय प्रशासनले कर्फ्यु मात्रै लगाएर पनि समस्या समाधान हुन सक्दैन । समस्या समाधानमा स्थानीबीच सहकार्य र पुनर्एकीकरण नै हुनपर्छ । देश सबैको हो । सबै धर्म, सम्प्रदायले मिलेर बस्दा नै शान्ति र सद्भाव कायम हुने हो । यसैले यसतर्फ सबैको ध्यान जान जरुरी छ । यो विषयमा सुरुदेखि नै सहमति कायम गर्न सके पर्वका दिन तनाव र त्यसले अरु जिल्लामा पनि कर्फ्यु लगाउने अवस्था आउने थिएन । किनभने कर्फ्यु समाधान होइन ।*

## ✍ लेखक वर्गमा अनुरोध

मधेशदृष्टि दैनिक यहाँहरूबाट नवीन, सिर्जनात्मक, तार्किक, दार्शनिक, समयसापेक्ष आलेखको अपेक्षा गर्दछ। मधेश प्रदेशलाई केन्द्रित गरेर राजनीतिक, सामाजिक, आर्थिकसहित अन्य क्षेत्रका विषयमा यहाँहरूले कलम चलाउन सक्नुहुनेछ। पठाउनु भएका लेख कम्तीमा ७ दिन अन्य सञ्चारमाध्यममा नपठाउनु हुन पनि अनुरोध गर्दछौँ। लेख पठाउँदा लेखकको तस्बिर, परिचय, सम्पर्क नम्बर अवश्य उल्लेख गर्नुहोला। लेखरचना एक हजार पाँच सय शब्दसीमामा पठाउनु हुन पनि अपिल गर्दछौँ। हाम्रो इमेल ठेगाना होः madheshdristi@gmail.com

## ✍ कार्यक्रम आयोजकमा अनुरोध

मधेश प्रदेशका ८ जिल्लामा हरेक दिन कुनै न कुनै औपचारिक कार्यक्रम भइरहेका हुन्छन् । यहाँको कार्यक्रमको समाचार प्रकाशन हेतु मधेशदृष्टि दैनिकको कार्यालय जनकपुर, भानुचोक (रेडियो जनकनन्दनीसँगै) र वीरगंज (रेडियो वीरगंजसँग)मा या हाम्रो इमेल र ह्वाट्स एपमा आधिकारिक पत्र पठाएर सहयोग गरिदिनु हुन अनुरोध गर्दछौँ ।

सम्पर्कः ९८५५०२१२८१ (ह्वाट्स एप पनि)

इमेलः madheshdristi@gmail.com

## अन्तर्राष्ट्रिय मातृभाषा दिवस सन्दर्भः

# मधेशको प्रदेशसभादेखि नागरिकसम्म भाषिक जागरण



सञ्जय साह मित्र

वर्तमान मधेश प्रदेशको प्रदेशसभा गठन हुँदा राष्ट्रिय जनगणना २०७८ को भाषासम्बन्धी नतिजा आइसकेको थिएन। प्रदेशसभाको गठनसँगै प्रदेशसभा सदस्यहरुले जब पद तथा गोपनीयताको शपथ लिए तब त्यसका सबैभन्दा बढी बज्जिका मातृभाषाको उपयोग भएको थियो। निस्सन्देह सबैभन्दा बढी माननीय साँसदहरुले नेपाली भाषामा शपथ लिनुभएको थियो मधेश प्रदेशसभामा। मातृभाषामा पनि शपथ लिने छुट थियो। प्रदेशसभामा लिखित वा तथ्यांक रुपमा सबैभन्दा बढी मातृभाषामा शपथ लिने माननीय साँसदमा बज्जिका मातृभाषाका थिए। त्यत्ति वेला र अहिले पनि मधेश प्रदेशको सबैभन्दा ठूलो मातृभाषा मैथिली हो तर प्रदेशसभामा शपथ लिने माननीय साँसदज्यूहरुको संख्याको आधारमा सबैभन्दा ठूलो मातृभाषा बज्जिका रहेको छ। मधेश प्रदेशको प्रदेशसभामा सबैभन्दा ठूलो मातृभाषा बज्जिका रहेको छ। बज्जिका भाषालाई मधेश प्रदेशको सबैभन्दा ठूलो भाषाको गौरव यस दृष्टिकोणले प्राप्त भएको छ। प्रदेशसभामा मातृभाषामा शपथ लिने माननीयज्यूहरुको भाषाको तथ्यांक सार्वजनिक भएपछि पनि केही माननीयज्यूहरुले आफूले पनि बज्जिका मातृभाषामा नै शपथ लिएको तर मातृभाषाको फारम भर्न भने आफूले समयमा नसकेको जानकारी गराउनु भएको थियो। प्रदेशसभाका माननीय साँसदज्यूहरुको शपथ ग्रहण भाषाको कारणले पनि चर्चामा आएको थियो।

राष्ट्रिय जनगणना २०७८ मा भाषाको गणना तिन प्रकृतिले गरिएको थियो। केन्द्रीय तथ्यांक विभागले प्रकाशन गरेको भाषासम्बन्धी तथ्यांकमा पनि तिन प्रकृतिले भाषाको नतिजा रहेको छ। नेपालमा पहिलेदेखि मातृभाषा र सम्पर्क अर्थात दोस्रो भाषाको गणना हुँदै आएको थियो। २०७८ को राष्ट्रिय जनगणनामा भाषा गणनाको अर्को आधार पनि थपिएको थियो – पुर्खाको भाषा। पहिलेदेखि मातृभाषा थियो अब पुर्खाको भाषा अर्थात पितृभाषा पनि थपियो। यसलाई राम्रो मानिएको छ। मानौँ कुनै परिवारमा माता एक भाषाको र पिता अर्को भाषाको हुँदा तिनका सन्तान झन् अर्को भाषाको हुन सक्लान्। यस अवस्थामा मातृभाषा, पितृभाषा र सम्पर्क भाषा फरक हुनुलाई स्वाभाविक मान्न सकिन्छ। केन्द्रीय तथ्यांक विभागले प्रकाशित गरेको भाषासम्बन्धी नतिजामा रहेको ती तिन आधारलाई पनि संक्षेपमा बुझ्नु आवश्यक छ मधेश प्रदेशको सन्दर्भमा। सबैभन्दा पहिले मधेश प्रदेशमा रहेका प्रमुख मातृभाषाबारे जानकारी लिनु उचित हुन्छ।

**मधेश प्रदेशका मातृभाषाहरु**

मधेश प्रदेशमा मातृभाषाको संख्या धेरै रहेको छ। देशमा भूगोलको दृष्टिकोणले सबैभन्दा सानो प्रदेश रहेको भए पनि यस प्रदेशमा मातृभाषाको संख्या भने सत्तरी जति रहेको छ। तथ्यांकमा भने भाषाको नाम ५९ ओटा उल्लेख रहेका छन्। एउटा सांकेतिक भाषा, अन्य र नखुलेका गरी थप तिनओटा रहेका छन्। जनगणनाको परिणाममा कुनै पनि भाषाभाषी यदि दशभन्दा कम संख्यामा रहेका छन् भने तिनको बारेमा उल्लेख नगरी सोझै अन्यमा जान दिइएको बताइएको छ। नाम खुलाइएका मधेश प्रदेशका मातृभाषाहरु क्रमशः मैथिली, भोजपुरी, बज्जिका, नेपाली, थारु, उर्दु, मगही, तामाङ, मगर ढुट, हिन्दी, नेपाल भाषा (नेवारी), दनुवार, कुडुख, माझी, राई, मुसलमान, मारवाडी, गुरुङ, अवधि, बंगला, सुनुवार, भुजेल, संस्कृत, खस, चाम्लिङ, दुमी, थामी, मगर खाम, घले, वाम्बुले, लिम्बु,, चेपाङ, बोटे, पहरी, डोटेली, हायु, पन्जाबी, राजवंशी, बान्तवा, जिरेल, थुलुङ, कुमाल, वाहिङ, अंग्रेजी, जिरुङ, सन्थाली, तिलुङ, सिन्धी, शेर्पा, बझाङी, धिमाल, दैलेखी, साम्पाङ, कोचे, तिबेतन, दराई, अंगिका, अछामी र खालिङ हुन्। नाम खुलेका ५९ भाषामध्ये वक्ता संख्याको आधारमा सबैभन्दा ठूलो मैथिली र सबैभन्दा सानो खालिङ रहेको देखिन्छ। दश लाखभन्दा बढी वक्ता संख्या भएका भाषामा मैथिली, भोजपुरी र बज्जिका पर्दछन् भने खालिङ, अछामी र अंगिका मातृभाषीलाई जोड्दा तिन ओटै भाषाको गरी वक्ता संख्या ३३ पुग्ने देखिएको छ।

**मधेश प्रदेशका पितृभाषाहरु**

राष्ट्रिय जनगणना २०७८ देखि थपिएको भाषा गणनाको एक आधार पुर्खाको भाषा हो। पुर्खाको भाषालाई यहाँ पितृभाषा भनिएको छ। मातृभाषा भनेपछि पितृभाषा भन्न पनि सजिलो छ। राष्ट्रिय जनगणनाको अन्तिम परिणाममा पितृभाषाका वक्ताहरुको संख्या उल्लेख गरिएको छ। देश, प्रदेश तथा जिल्लागत विवरणमा पनि पितृभाषालाई समेटिएको छ।

मधेश प्रदेशमा मातृभाषाको तुलनामा पितृभाषाको संख्या केही बढी देखिएको छ। यस प्रदेशमा बोलिने मातृभाषाको संख्या ५९ रहेको र पितृभाषाको संख्या भने ६७ रहेको देखिएको छ। सांकेतिक भाषा, अन्य भाषा र नखुलेको भाषा पनि थप भनिएको छ। मधेश प्रदेशका मातृभाषाभन्दा पितृभाषाको संख्या ८ ले बढी छ। यो संयोग मात्र हुनुपर्छ, मधेश प्रदेशमा जिल्लाको संख्या पनि ८ नै रहेको छ। मधेश प्रदेशको मातृभाषामा सबैभन्दा बढी वक्ता मैथिलीको भए जस्तै पितृभाषामा पनि सबैभन्दा बढी वक्ता मैथिलीकै रहेको देखिएको छ। मधेश प्रदेशका रहेका पितृभाषीको अवस्था यस प्रकार रहेको छ।

मैथिली २२ लाख ९० हजार ९५, बज्जिका ११ लाख ३८ हजार १७९, भोजपुरी ११ लाख ३७ हजार ६५५, मगही ३ लाख ८९ हजार ७००, उर्दु ३ लाख ४६ हजार २२६, नेपाली २ लाख ६८ हजार ६३६, थारु २ लाख ६६ हजार ६५७, तामाङ १ लाख ८० हजार ०९०, मगर ढुट ५६ हजार ९५२, नेपाल भाषा (नेवारी) २५ हजार ८७८ छन्। यसरी यस प्रदेशका प्रमुख दश पितृभाषामा मैथिली, बज्जिका, भोजपुरी मगही, उर्दु, नपाली, थारु, तामाङ, मगर ढुट र नेवारी हुन् बढी वक्ता संख्याको आधारमा। पितृभाषामा वक्ता संख्याको आधारमा मधेश प्रदेशमा केन्द्रीय तथ्यांक विभागले प्रकाशित गरेको अन्तिम नतिजामा क्रमशः दनुवार, हिन्दी, माझी, मुसलमान, राई, कुडुख, संस्कृत, मारवाडी, गुरुङ, भुजेल, अवधि, सुनुवार, बंगला, खस, थामी, चाम्लिङ, बोटे, दुभी, लिम्बु रहेको छन्। यसै गरी घले, चेपाङ, डोटेली, पहरी, बझांगी, वाम्बुले, मगर खाम, हायु, जिरुङ, कुमाल, पन्जाबी, बान्तवा, राजवंशी, थुलुङ, अछामी, जिरेल, सन्थाली, शेर्पा, सिन्धी, बाहिङ, बैतडेली, धिमाल, पुमा, राउटे, अंग्रेजी, तिलुङ, दराई, खालिङ, हरियानवी, कोचे, तिबेटन, नाछिरिङ, मनांगे, अंगिका, लाप्छा, दाचुलेली, बाजुरेली र साम्पाङ भाषाको नाम पितृभाषाको सूचीमा रहेको छ।

**मधेश प्रदेशका सम्पर्क भाषाहरु**

राष्ट्रिय जनगणनामा दोस्रो भाषा अर्थात सेकेन्ड लंग्वेजको रुपमा पनि समावेश गरिँदै आएको छ। दोस्रो भाषालाई सम्पर्क भाषाको रुपमा मानिँदै आएको छ। दोस्रो भाषाको रुपमा निकै पहिलेदेखि सर्वसाधारणले विभिन्न भाषाको उपयोग गर्दै आएको पाइएको पनि छ। घरभित्र बोलिने र घरभन्दा बाहिर बोलिने भाषाको रुपमा पनि लिइएको पाइन्छ भने बहुभाषिक समाजमा बस्दा एकले अर्काको मातृभाषामा सञ्चार गर्न सजिलो नहुने परिस्थितिमा जुन भाषाको उपयोग गरिन्छ, त्यसलाई नै सम्पर्क भाषा वा दोस्रो भाषाको रुपमा मान्ने गरिएको छ। मधेश प्रदेशमा पनि सम्पर्क भाषाको संख्या धेरै रहेको छ।

सम्पर्क भाषा अर्थात दोस्रो भाषामा पनि मधेश धनी रहेको देखिन्छ। अधिकांश मातृभाषा तथा पितृभाषा नै सम्पर्क भाषाका रुपमा आउका छन्। यद्यपि मातृभाषाको संख्याभन्दा केही बढी तथा पितृभाषाको संख्याभन्दा केही कम संख्यामा सम्पर्क भाषाको संख्या मधेश प्रदेशमा रहेको तथ्यांकले देखाउँछ।

मधेशको सबैभन्दा ठूलो सम्पर्क भाषा नेपाली रहेको छ। नेपालीलाई सम्पर्क भाषाको रुपमा ४३ लाख २७ हजार ९५१ जनाले प्रयोग गर्ने गरेको तथ्यांकमा उल्लेख छ। यसपछि सम्पर्क भाषा नभएको वा दोस्रो भाषा उल्लेख नभएको नागरिकको संख्या रहेको छ। सम्पर्क भाषा नभएका १२ लाख २१ ह्जार ४२३ जना रहेका छन्। अनि मधेश प्रदेशको मातृभाषा तथा पितृभाषामा पहिलो स्थानमा रहेको मैथिली १ लाल ७२ हजार ४५५, भोजपुरी १ लाख ०४ हजार ५४३, हिन्दी ७ हजार २१, बज्जिका ५ हजार ०५७, उर्दु ३७ हजार ६८६, मगही २७ हजार १५६, थारु १३ हजार ९७७, अवधि १२ हजार ०९७ तथा मुसलमान भाषा ४ हजार ९२४ रहेका छन्। यसरी मधेश प्रदेशको मुख्य दश सम्पर्क भाषामा नेपाली, मैथिली, भोजपुरी, हिन्दी, बज्जिका, उर्दु, मगही, थारु, अवधि र मुसलमान रहेका छ। मधेश प्रदेशका अन्य सम्पर्क भाषाहरुमा वक्ता संख्याको हिसाबले क्रमशः तामाङ, मगर ढुट, अंग्रेजी, चाम्लिङ, लिम्बु, पन्जाबी, मारवाडी, गुरुङ, नेवारी, साम्पाङ, बैतडेली, मगर खाम, माझी, कागटे, थामी, संस्कृत, सन्थाली, राई, कोचे, बाहिङ, दुरा, तिलुङ, शेर्पा, चेपाङ, खस, दनुवार, मेवाहाङ, बझाङी, बान्तवा, दैलेखी, बेलहारे, राजवंशी, थुलुङ, बाजुरेली, डोटेली, मनाङे, जिरुङ, बंगला, हायु, अछामी, पहरी, टिबेतन, धुलेली, सधनी, घले, सुनुवार, सुरेल, बोटे, जिरेल, हरियान्वी, अंगिका, याक्खा, वाम्बुले, याम्फु, कुडुख र सिन्धनी रहेका छन्। मधेश प्रदेशमा सम्पर्क भाषाको रुपमा ६६ भाषा रहेका छन्। यीबाहेक अन्य तथा सांकेतिक भाषा पनि रहेका छन्। मातृभाषामा नपरेका तथा पितृभाषामा पनि नपरेका कतिपय भाषा सम्पर्क भाषामा आएका छन्।

**जिल्लाका पाँच प्रमुख भाषा**

वक्ता संख्याको आधारमा मधेशका प्रमुख पाँच भाषामा मैथिली, भोजपुरी, बज्जिका, नेपाली र थारु भाषा पर्दछन्। मधेश प्रदेशमा आठ जिल्ला रहेका छन्। हरेक जिल्लाका प्रमुख पाँच भाषालाई यस प्रकार देखाउन सकिन्छ।

सप्तरीको प्रमुख पाँच मातृभाषामा मैथिली, थारु, नेपाली, उर्दु र मगर ढुट रहेका छन्। सिराहाका प्रमुख पाँच मातृभाषामा मैथिली, नेपाली, उर्दु, थारु र मगही रहेका छन्। धनुषाको प्रमुख पाँच मातृभाषामा मैथिली, मगही, नेपाली, उर्दु र मगर ढुट रहेका छन्। महोत्तरीको प्रमुख पाँच मातृभाषामा मैथिली, मगही, उर्दु, नेपाली र बज्जिका रहेका छन्। सर्लाहीको प्रमुख पाँच मातृभाषामा बज्जिका, मैथिली, नेपाली, तामाङ र उर्दु पर्दछन्। रौतहटको प्रमुख पाँच मातृभाषामा बज्जिका, उर्दु, नेपाली, मैथिली र थारु पर्दछन्। बाराको प्रमुख पाँच मातृभाषामा भोजपुरी, थारु, नेपाली, तामाङ र उर्दु पर्दछन्। पर्साको प्रमुख पाँच मातृभाषामा भोजपुरी, नेपाली, थारु, उर्दु र तामाङ पर्दछन्। मधेश प्रदेशको सबैभन्दा ठूलो मातृभाषाको रुपमा रहेको मैथिली तीन जिल्लाको पाँच प्रमुख मातृभाषाभित्र परेको छैन भने दोस्रो ठूलो मातृभाषा भोजपुरी पनि पाँच जिल्लाको पाँच प्रमुख मातृभाषाभित्र नअटाएको देखिएको छ।

वक्ता संख्याको दृष्टिकोणले मधेशको सबैभन्दा ठूलो पितृभाषा मैथिली हो। मधेशको पाँच पितृभाषामा क्रमशः मैथिली, बज्जिका, भोजपुरी, मगही र उर्दु पर्दछन्। सप्तरीको पाँच प्रमुख पितृभाषामा मैथिली, थारु, उर्दु, नेपाली र मगर ढुट रहेका छन्। सिराहाका पाँच प्रमुख पितृभाषामा मैथिली, मगही, उर्दु, थारु र नेपाली रहेका छन्। धनुषाको प्रमुख पाँच पितृभाषामा मैथिली, मगही, उर्दु, नेपाली र तामाङ रहेका छन्। महोत्तरीको प्रमुख पाँच पितृभाषामा मैथिली, मगही, उर्दु, नेपाली र मगर ढुट रहेका छन्। सर्लाहीको पाँच प्रमुख पितृभाषामा बज्जिका, नेपाली, मैथिली मगही र तामाङ, पर्दछन्। रौतहटको पाँच प्रमुख पितृभाषामा बज्जिका, उर्दु, थारु, नेपाली र भोजपुरी रहेका छन्। बाराको पाँच प्रमुख पितृभाषामा भोजपुरी, थारु, नेपाली, तामाङ र उर्दु पर्दछन्। पर्साको पाँच प्रमुख भाषामा भोजपुरी, थारु, नेपाली, उर्दु र तामाङ पर्दछन्।

मधेश प्रदेशको सबैभन्दा ठूलो सम्पर्क भाषा नेपाली हो। मधेश प्रदेशको पाँच सम्पर्क भाषामा नेपाली, मैथिली, भोजपुरी, हिन्दी र बज्जिका पर्दछन्। सप्तरीको प्रमुख पाँच सम्पर्क भाषामा नेपाली, मैथिली, हिन्दी, उर्दु र थारु रहेका छन्। सिराहाको प्रमुख पाँच सम्पर्क भाषामा नेपाली, मैथिली, हिन्दी, उर्दु र मगही रहेका छन्। धनुषाको पाँच प्रमुख सम्पर्क भाषामा नेपाली, मैथिली, मगही, हिन्दी र उर्दु रहेका छन्। महोत्तरीको पाँच प्रमुख सम्पर्क भाषामा नेपाली, मैथिली, हिन्दी, मगही र बज्जिका रहेका छन्। सर्लाहीको पाँच प्रमुख सम्पर्क भाषामा नेपाली, मैथिली, बज्जिका, हिन्दी र मगही रहेका छन्। रौतहटको पाँच सम्पर्क भाषामा नेपाली, बज्जिका, भोजपुरी, हिन्दी र उर्दु रहेका छन्। बाराको प्रमुख पाँच सम्पर्क भाषामा नेपाली, भोजपुरी, हिन्दी, उर्दु र थारु रहेका छन्। पर्साको पाँच प्रमुख सम्पर्क भाषामा नेपाली, भोजपुरी, हिन्दी, उर्दु र थारु पर्दछन्। मधेश प्रदेशको सबै जिल्लाको एउटा प्रकृति के देखिएको छ भने सबै जिल्लाको प्रमुख सम्पर्क भाषा नेपाली हो र दोस्रो स्थानमा सम्पर्क भाषा उल्लेख नगरेको हरेक जिल्लामा रहेको छ।

**र अन्त्यमा,**

मधेशी भाषाको नामोल्लेख पाइँदैन तर प्रदेशसभा र प्रतिनिधि सभामा पनि शपथ लिँदा केही माननीयज्यूहरुले मधेशी भाषामा शपथ लिनुभएको थियो। यसबाट अब यो पनि देखिन आउँछ कि आगामी दिनमा मधेश प्रदेशमा सम्भव छ, मधेशी भाषा पनि मातृभाषा, पितृभाषा वा सम्पर्क भाषाको रुपमा आउन सक्छ र यससँगै देशको अन्य भागमा पनि मधेशी भाषाको नाम आउन सक्ला।

भाषाको सम्पन्नताको दृष्टिकोणले मधेश प्रदेश निकै सम्पन्न रहेको छ। यहाँ धेरै मातृभाषाको अस्तित्व छ। मातृभाषाभन्दा धेरै पितृभाषाको अस्तित्व रहेको छ। अबको दिनमा मातृभाषा तथा पितृभाषाको संरक्षण र सम्बद्र्धनमा पनि ध्यान दिनु परेको छ। भाषिक जागरण भने देखिएको अवश्य नै हो। हरेक भाषालाई सम्मान गरिनु पर्छ।

# शान्ति सैनिकले आतङ्कवादको सामना गर्नु पऱ्योः प्रधानमन्त्री



**रासस**
**काठमाडौँ ।**
प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'ले वर्तमान विश्वमा देखिएका जातीय तनाव र आतङ्कवादका विभिन्न कारकबाट सञ्चालित जटिल द्वन्द्वका कारण शान्ति स्थापनार्थ खटिएका सैनिकले खतराको सामना गर्नुपरेको बताएका छन् । 'चौथो शान्ति प्रयास' अभ्यासको मंगलबार यहाँ उद्घाटन गर्दै प्रधानमन्त्री दाहालले बहुस्तरीय प्रकृतिका द्वन्द्वका विषयमा हामीहरू सचेत हुनुपर्ने बताए । शान्ति स्थापनाकार्य जटिल राजनीतिक–सैन्य–मानवीय प्रयासका रूपमा विकसित भएको उल्लेख गर्दै उनले शान्ति सैनिकले अझ धेरै बुझ्नुपर्ने र तयारी गर्नुपर्ने अवस्था आएको बताए । 'संयुक्त राष्ट्रसङ्घको शान्ति स्थापना कार्यको विश्वास र वैधानिकता कायम राख्न नयाँ जटिल चुनौतीहरूका माझ विश्वमा कसरी शान्ति प्रदान गर्ने भनेर हामीले पुनःमूल्याङ्कन गर्नुपर्ने भएको छ', प्रधानमन्त्रीले दाहालले भने ।
शान्ति स्थापनाको महत्वलाई अतिरञ्जित गर्न नहुने बताउँदै उनले त्यसका लागि मानवताको गहिरो भावना र प्रतिबद्धतालाई जोगाउन हस्तक्षेपको तत्परता आवश्यक पर्ने बताए । खतराको ठूलो सामना गरेर शान्ति सैनिकले मानवताको गहिरो भावना र प्रतिबद्धतालाई मूर्तरूप दिइरहेको उल्लेख गर्दै प्रधानमन्त्री दाहालले शान्ति सैनिकले गरेका त्यस्ता प्रयासको गहिरो प्रभाव परेको बताए । 'यस अवसरमा म विश्वभर शान्तिको खोजीमा बलिदान दिने बहादुर शान्ति सैनिकहरूप्रति सम्मान एवं श्रद्धाञ्जलि अर्पण गर्न चाहन्छु', प्रधानमन्त्री दाहालले भने, 'उहाँहरूको निस्वार्थ कार्य र समर्पणभाव हामी सबैका लागि प्रेरणको स्रोत हो ।' उनले कठिन चुनौतीको सामना गर्दै वीरता र करुणका साथ सेवा जारी राख्ने शान्ति सैनिकहरूको प्रशंसा गरे ।
नेपालले अन्तर्राष्ट्रिय मञ्चहरूमा शान्ति र समानताका लागि निरन्तर र जोडदाररूपमा वकालत गरेको र आगामी दिनमा पनि गर्ने स्पष्ट पार्दै प्रधानमन्त्री दाहालले भने, 'नेपालको प्रतिबद्धता विश्वमा शान्ति र सद्भावको चाहनामा निहित छ ।'
नेपालले विश्व शान्ति, प्रगति र समृद्धिमा संयुक्त राष्ट्रसङ्घको महत्त्वपूर्ण योगदानको प्रशंसा गरेको उल्लेख गर्दै प्रधानमन्त्री दाहालले राष्ट्रसङ्घको शान्ति प्रयासमा नेपालले दृढतापूर्वक प्रतिबद्धता जनाउँदै आएको स्पष्ट पारे । उनले विश्वमा शान्ति स्थापना नेपालको विदेशनीतिको महत्त्वपूर्ण अङ्ग रहेको बताउँदै यस कार्यको विश्वले प्रशंसा गरेको पनि स्मरण गरे ।
नेपालले हाल संयुक्त राष्ट्रसङ्घीय शान्ति मिसनमा सबैभन्दा धेरै सेना र प्रहरी खटाउने गरेको र थप १० हजारसम्म तालिमप्राप्त सेना परिचालन गर्ने वाचा गरेको तथ्यलाई जोड दिएकोप्रति गर्व महसुस भएको उनले बताए ।

# 'स्थिरता र समृद्धिका लागि एकल बहुमत आवश्यक'



*'निर्वाचन क्षेत्रको प्रमुख प्राथमिकता भनेको ग्रामीण क्षेत्रबाट सदरमुकाम जोड्ने सडक विस्तार र कालोपत्र, पुल निर्माण र पर्यटक क्षेत्रको संरक्षण तथा संवर्द्धनसँग जोडिएका आयोजना हुन् । तर गएको बजेटमा मेरो निर्वाचन क्षेत्रका कुनै पनि आयोजनालाई सरकारले बजेट विनियोजन गरेन । निर्वाचन क्षेत्रमा ४२ योजनाका लागि रकम माग गरेकामा एउटा योजनाका लागि पनि बजेट प्राप्त भएन । दुःखका साथ भन्नुपर्छ, एक वर्षमा एउटा चापाकलसमेत गाड्न सकिएन ।'*
***राजकुमार गुप्ता, प्रतिनिधिसभा सदस्य***

**रासस**
**काठमाडौँ ।**
देश विकास, दिगो शान्ति स्थापना र भ्रष्टाचारविहीन समाज निर्माणका लागि नेकपा (एमाले) सदनमा प्रभावकारी भूमिका खेल्न तयार छ । सरकारले संसद्लाई प्रभावकारी तुल्याउन यसपटक पनि पर्याप्त विधेयकहरू उपलब्ध गराएर बिजनेस दिने सम्भावना कम देखिसकिएको छ । अहिले संसद्को अधिवेशन चालु छ । तत्काल निष्कर्षमा पुर्याउनुपर्ने पुराना र महत्त्वपूर्ण विधेयकको संख्या धेरै छ । हिउँदे अधिवेशन सुरु भएको यतिका दिन भइसक्यो बिजनेस नपाएर सदन कानुन निर्माणको पाटोबाट प्रभावकारी बन्न सकेको छैन । सरकारले सदनलाई बिजनेस नदिएकै कारण गएका दुईवटा अधिवेशन र एकवर्षे कार्यकाल उपलब्धिमूलक भएन । तथापि, प्रमुख प्रतिपक्षी दलका नाताले विभिन्न कोणबाट सरकारलाई घच्घच्याउने काम भने निरन्तर गरिनैरह्यौँ । सरकार अहिले पनि गठबन्धन जोगाउनमात्र केन्द्रित छ । सङ्घीय लोकतान्त्रिक गणतन्त्र र सङ्घीयताको स्थायित्व र विकासका लागि छिटोछिटो कानुन बनाएर अघि बढ्नुपर्छ । विगतको द्वन्द्वको घाउ अन्त्य गर्न सत्य निरुपण तथा मेलमिलाप र बेपत्ता व्यक्तिको छानबिनसँग जोडिएका कानुन पीडितलाई न्याय प्रदान गर्ने ढङ्गले तर्जुमा हुनुपर्छ भन्नेमा एमाले दृढ छ । सदनमा त्यसबारे गहन र बृहत् रूपबाट छलफल गर्नुपर्छ । के सही, के गलत भन्ने त्यहीँबाट निष्कर्षमा पुगिन्छ । ठिक छ भने पास गर्छौं, गलत छ भने सच्याएर ल्याउनुस् भन्छौँ । त्यो विधेयक छिटो सदनमा ल्याउनुपर्नेमा सरकार अलमलिएर बसेको छ ।
वर्तमान सरकारलाई समर्थन दिएकाले गएको १५ महिना पनि मोटामोटीरूपमा दलहरू मिलेरै अघि बढेको देखिन्छ । ललितपुरको बालकुमारी र सर्लाहीको बरथहवामा बेरोजगारीसँग जोडिएर युवामाथि भएको दमन र चरम लापरबाहीका घटनामा प्रमुख प्रतिपक्षले आवाज उठाउनै पर्छ । सरकारलाई एमालेले भन्दै आएको छ, राम्रो काममा समर्थन रहन्छ, नराम्रो काममा विरोध हुन्छ । सरकारलाई अराजक बन्न दिनुहुन्न भन्ने हाम्रो दृढ मान्यता छ ।
जनप्रतिनिधि कानुन निर्माणका अतिरिक्त जनताका काममा पनि उपस्थित भइरहनुपर्छ । कहिलेकाहीँ दलको कार्यक्रम पर्यो भने सदन र संसदीय समितिका बैठकमै पनि उपस्थित हुन नसक्ने अवस्था आउँछ । पार्टीका कार्यक्रम जुधेन भने बैठकमा निरन्तर उपस्थित भइनै रहन्छौँ । हामीले निर्वाचनमा विकासका नारा दिएरै चुनाव जितेका हुन्छौँ । आफू निर्वाचित भएका खण्डमा यो निर्वाचन क्षेत्रलाई यसरी अघि बढाउँछु र विकास गर्छौँ भनी रोडम्याप प्रस्तुत गर्छौँ । विदेशमा सांसदको जिम्मेवारी कानुन र नीति–नियम बनाउन केन्द्रित हुन्छन् तर नेपाललगायत दक्षिण एसियाली मुलुकमा विकाससमेतको दोहोरो जिम्मेवारी हुन्छ । यहाँ सांसद्लाई विकासको प्रतिनिधिकारूपमा लिने गरिन्छ । हामीलाई निर्वाचन क्षेत्रमा पुग्दा चुनावमा गरेको बाचा पूरा गरेको खोई भनी प्रश्न उठाइन्छ ।
अहिले पनि मुलुकको प्रमुख समस्या विकासकै हो । त्यो गर्न सकिएको छैन । मेरो निर्वाचन क्षेत्र पर्सा निर्वाचन क्षेत्र नं ३ विकासका दृष्टिले धेरै पछि परेको छ । निर्वाचन क्षेत्रको प्रमुख प्राथमिकता भनेको ग्रामीण क्षेत्रबाट सदरमुकाम जोड्ने सडक विस्तार र कालोपत्र, पुल निर्माण र पर्यटक क्षेत्रको संरक्षण तथा संवर्द्धनसँग जोडिएका आयोजना हुन् । तर गएको बजेटमा मेरो निर्वाचन क्षेत्रका कुनै पनि आयोजनालाई सरकारले बजेट विनियोजन गरेन । निर्वाचन क्षेत्रमा ४२ योजनाका लागि रकम माग गरेकामा एउटा योजनाका लागि पनि बजेट प्राप्त भएन । दुःखका साथ भन्नुपर्छ, एक वर्षमा एउटा चापाकलसमेत गाड्न सकिएन । सरकारमा रहेका प्रभावशाली नेताको क्षेत्रमा मात्र बजेटको ठूलो हिस्सा केन्द्रित गरियो । यसबाट सन्तुलित विकासको अवधारणमा प्रश्न खडा गर्यो । सिङ्गो निर्वाचन क्षेत्रमा बजेटमा एक पैसा पनि नपरेको इतिहासमै यस्तो कहिलै भएको थिएन । यसमा राजनीतिक पूर्वाग्रह देखिएको छ । यो कुरा अर्थमन्त्री र सभामुखसँग पनि गरेको छु । म स्मरण गर्दछु, नेकपा (एमाले) नेतृत्वको विगतको सरकारले बजेट विनियोजन र विकासका आयोजनालाई सन्तुलित ढङ्गले अघि बढाएको थियो । देशका अन्य भागमा सञ्चालित कैयौँ आयोजना रकम अभावमा अलपत्र रहेका खबरहरू आइरहेका छन् ।
त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलबाट ठूलो परिमाणमा सुन बाहिरिनु भनेको भ्रष्टाचार रोकथाम गर्न नसक्नु नै हो । भ्रष्टाचार रोक्ने सरकारको प्रमुख दायित्व भए पनि त्यसमा सफल भएको देखिन्न । अहिले मुलुकको अर्थतन्त्र कमजोर छ । ठूला उद्योगी व्यवसायीले समेत कर्मचारी, कामदारको संख्या कटौती गर्दै लगेका छन् । युवाको विदेश पलायन बढेको छ । यो परिस्थितिमा पनि सरकारले अर्थतन्त्र सुधार गर्दै रोजगार प्रदान गर्ने उद्योग विस्तार गर्नेतर्फ गम्भीर दृष्टि पुर्याएको देखिन्न । अर्थतन्त्र अप्ठेरामा गएपछि धेरै उद्योगी व्यापारीले आफ्ना पसल र सटर बन्द गरेको अवस्था छ ।
मुलुकमा देखिएका यी ज्वलन्त समस्या गठबन्धन सरकारले सम्बोधन गर्न सक्ने देखिएन । विसं २०८४ मा हुने चुनावमा एमालेलाई बहुमत दिलाउनुस् भन्ने नाराका साथ हामी सक्रियतापूर्वक काम गरिरहेका छौँ । एउटै दलको बहुमत नभएसम्म राजनीतिक स्थिरता र समृद्धि दिलाउन कठिन हुन्छ । त्यो घटनाले पुष्टि गरिसकेको छ । देश विकासका लागि विद्युत् र पर्यटनमा ध्यान दिए पुग्छ । आगामी पाँच–दश वर्षमै अरु विकास भएका देशको सूचीमा नेपाललाई पुर्याउन सकिन्छ । त्यसका लागि नेपाली जनताले एउटा दल विशेषलाई बहुमत दिलाउनै पर्छ । प्रतिपक्षमै रहे पनि म अहिलेको सरकार राम्रोसँग चलोस्, देशलाई सपारोस् भन्ने कामना गर्छु ।

# 'आयोगले औचित्य पुष्टि हुने गरी काम गर्नुपर्छ'

**रासस**
**काठमाडौँ ।**
राष्ट्रियसभाका अध्यक्ष गणेशप्रसाद तिमिल्सिनाले राष्ट्रिय समावेशी आयोगले संविधानको मर्म र भावनाअनुरुप आफ्नो औचित्य पुष्टि हुने गरी काम गर्न आवश्यक रहेको बताएका छन् । मंगलबार यहाँ आयोजित राष्ट्रिय समावेशी आयोग तेस्रो स्थापना दिवस कार्यक्रममा अध्यक्ष तिमिल्सिनाले समय–समयमा संवैधानिक आयोगबीच अन्तरक्रिया गर्ने र आयोगले लक्ष्यअनुरुपका काम समयमै गर्नुपर्ने बताए । उनले भने, 'आयोगका सदस्यले काम प्रभावकारी बनाउन जरुरी छ । आयोगले गरेको काम कर्तव्यको पुनरावलोकनसँगै विगतमा गरेका गतिविधिको समीक्षा हुनुपर्छ ।'
अध्यक्ष तिमिल्सिनाले कमजोर वर्गलाई विशेष प्राथमिकतासँगै अवसरको सृजना गर्न आयोगले वातावरण मिलाउनुपर्नेमा जोड दिए । उनले आयोगमा आएका विषयमाथि छलफल गरेर चर्चा गर्नुपर्ने बताए । 'पहुँच नहुनेका लागि राज्यको सेवासुविधा सजिलोसँग पाउने वातावरण मिलाउनुपर्छ । भेदभावबिना राज्यबाट पाउने सेवासुविधा सबै नागरिकले पाउनुपर्छ' उनले भने ।
आयोगका अध्यक्ष डा रामकृष्ण तिमल्सेनाले विज्ञ र अनुसन्धानकर्तामार्फत गरेको अध्ययनका आधारमा समावेशिताका लागि गरेको सिफारिस कार्यान्वयन गर्न सरकारका सम्बन्धित निकायले बेवास्ता गरेको बताए । उनले भने, 'आयोगले सिफारिस गर्ने तर सरकार र संसद्ले गम्भीरतापूर्वक नलिने हो भने अहिलेको संविधान र संविधानवादको उपहास हुन पुग्छ । पछाडि परेको जाति, वर्ग र समुदायलाई राज्यको शासन प्रणालीमा मूलप्रवाहीकरण गर्न तथा सामाजिक न्याय प्राप्तिका लागि आयोग सधैँ क्रियाशील रहेको छ ।'

## महामन्त्रीको प्रतिवेदनः

# लोकतन्त्रको विकल्प समुन्नत लोकतन्त्र

**रासस**
**ललितपुर ।**
नेपाली कांग्रेसका महामन्त्री विश्वप्रकाश शर्माले जारी महासमिति बैठकमा समसामयिक राजनीतिक प्रतिवेदन प्रस्तुत गर्दै लोकतन्त्रको विकल्प समुन्नत लोकतन्त्र भएको उल्लेख गरेका छन् । महामन्त्री शर्माले भनेका छन्, 'सङ्घर्ष र संविधानसभाको मार्गबाट आएको नेपालको वर्तमान संविधाननै सबै चुनौती हल गर्दै मुलुकलाई समुन्नतिको उचाइमा पु¥याउने भरपर्दो माध्याम हो भन्ने तथ्यमा नेपाली कांग्रेस स्पष्ट छ ।'
महामन्त्री शर्माले अहिलेको गठबन्धन फरक मतको चुनौतीपूर्ण सहयात्रा भएको उल्लेख गरेका छन् । उनले भनेका छन्, 'पटक पटकको संसद् विघटन र संविधानको रक्षका लागि मुख्य दलहरू गत निर्वाचनमा एक भएर मैदानमा होमिएका थिए । त्यो गठबन्धनबाट उपलब्धि हासिल भएको छ तर, पनि असन्तुष्टी र चुनौतीहरू बढ्दै गएको देखिन्छ ।'
प्रतिवेदनमा महामन्त्री शर्माले हालको गठबन्धन आगतको सम्झौता नभइ विगतले बोकाएको अभिभारा भएको उल्लेख गरेका छन् । एकल बहुमत कसैको नभएको संसद्मा गठबन्धनलाई कायम राखेर नै देश र जनताको हितमा काम गर्नुपर्ने अभिभार कांग्रेसको रहेको बताएका छन् । महामन्त्री शर्माले सरकारको प्रभावकारिता र कमजोरीमाथि खुलेर छलफल गर्नुपर्ने र कांग्रेसले सम्हालेका मन्त्रालयको प्रगति र कमजोरीको पनि समीक्षा गर्नुपर्ने बताएका छन् । 'वर्तमान अवस्थामा नेपाली समाजमा देखिएका असन्तुष्टी र पीडाको पहिचान यही समाजले बनाएको सबैभन्दा ठूलो दलको महासमिति बैठकले गर्नुपर्छ र त्यसलाई क्रमश समाधान गरेर जाने सङ्कल्प र दृढता राख्नुपर्छ' उनले भनेका छन् ।
महामन्त्री शर्माले राजनीतिकप्रतिको विकर्षण अन्त्य गरी देशप्रति भरोसा वृद्धि गर्ने, छिमेकी मित्रराष्ट्रसँग वृहत्तर सहकार्य गर्ने, पर्यावरण रक्षासहित भौतिक विकासमा जोड दिने, शिक्षा क्षेत्रमा सुधार गर्ने कार्यभार कांग्रेसको जिम्मेवारी रहेको बताए । यदाकदा उग्र राष्ट्रवाद देखिने गरेको उल्लेख गर्दै महामन्त्री शर्माले भने, 'उग्र राष्ट्रवादका कारण बाह्य लगानीको वातावरणलाई विगतमा परेका असरहरूले छोडेका प्रभावको पृष्ठभूमिमा फेरि त्यस्तो स्थिति आउन नदिन गम्भीर सर्तकता अपनाउन जरूरी छ ।'

**'कांग्रेसको सुझबुझपूर्ण कार्यशैलीले संविधान बन्यो'**
नेपाली कांग्रेसका उपसभापति पूर्णबहादुर खड्काले कांग्रेसकै सुझबुझपूर्ण कार्यशैलीकै कारण लोकतान्त्रिक समाजवादी संविधान बनेको बताएका छन् । ललितपुरको गोदावरीस्थित सनराइज सम्मेलन केन्द्रमा जारी पार्टीको महासमिति



बैठकमा नीति प्रस्ताव प्रस्तुत गर्दै उपसभापति खड्काले भने, 'नेपाली कांग्रेसले चाहेकै जस्तो संविधान बन्ने अवस्था नहुँदा पनि कांग्रेसको सुझबुझपूर्ण कार्यशैलीले गर्दा लोकतान्त्रिक समाजवादी संविधान बन्यो । देश लोकतान्त्रिक बाटोमा गयो । यद्यपि केही असन्तुष्टि भने बाँकी रहने अवस्था रह्यो ।' उनले यस विषम परिस्थितिलाई सम्हाल्दै नेपाली कांग्रेसका सभापति शेरबहादुर देउवाको नेतृत्वको गठबन्धन सरकारले दुई पटक तीन वटै तहको निर्वाचन सम्पन्न गरेको उल्लेख गरे । यद्यपि संविधानले प्रत्याभूत गरेको मौलिक हकलगायत संविधान पूर्ण कार्यान्वयनका लागि आवश्यक कानुनको निर्माणमा अझै बाँकी रहेको उनको भनाइ थियो ।
उपसभापति खड्काले राजनीतिक स्थायित्व, सङ्घीय लोकतान्त्रिक गणतन्त्रको संस्थागत विकास र आर्थिक वृद्धि तथा उन्नतिका पक्षमा भरपर्दो र दिगो काम द्रुत गतिमा अगाडि बढ्न नसक्दा सङ्क्रमणकालीन अवस्था लम्बिइरहेको बताए । सत्यनिरूपण तथा मेलमिलापका काम अझै निष्कर्षमा पुग्न नसकेको उल्लेख गर्दै यसका कारण तीन तहको सरकारबाट अपेक्षा गरिएजस्तो छिटोछरितो सेवा प्रवाह हुन नसकेको बताए । उनले नीति प्रस्ताव समयानुकूल बदलिनुपर्ने नीति, नियम, ऐन तथा कानुन अझै बन्न नसकेको बताए । जसले गर्दा नागरिकका दुःख तथा कष्टमा आशा गरेअनुसार सुधार आउन नसकेको उनको भनाइ थियो ।

# बेलायतद्वारा नेपाललाई ११ अर्ब ७० करोड अनुदान




**रासस**
**काठमाडौँ ।**
संयुक्त अधिराज्यले व्यवसायमा नेपाल (नेपाल इन् बिजनेस–एनआइबी) र हरित विकास कार्यक्रम (ग्रीन ग्रोथ प्रोग्राम–जिजिपी) परियोजना कार्यान्वयन गर्न सात करोड स्टर्लिङ पाउण्ड (करिब ११ अर्ब ७० करोड रुपैयाँ) अनुदान उपलब्ध गराउने भएको छ ।
आगामी सात वर्षसम्म दुवै परियोजना सञ्चालन हुनेछन् । अनुदान सोही अवधिका निम्ति प्रदान गरिएको हो ।
नेपालको भ्रमणमा रहनुभएका अफ्रिकाका निम्ति बेलायतका विकास मन्त्री एन्ड्र मिचेल र अर्थमन्त्री डा प्रकाशशरण महतको उपस्थितिमा अनुदान सहायतासम्बन्धी सम्झौतापत्रमा मंगलबार अर्थ मन्त्रालयमा आयोजित एक कार्यक्रममा उक्त मन्त्रालयका सहसचिव श्रीकृष्ण नेपाल र यहाँस्थित बेलायती दूतावासका विकास निर्देशक पिपा बर्डले हस्ताक्षर गरे । यो अनुदानमा प्राविधिक सहायता र वैदेशिक विकास सहायता पनि समावेश गरिएको छ ।
अर्थ मन्त्रालयका अनुसार एनआइबी कार्यक्रमबाट प्राप्त हुने अनुदान नेपालको समग्र आर्थिक विकास, गरिबी निवारण र समग्र आर्थिक समृद्धिको बाटो निर्धारणमा सहयोग गर्ने अपेक्षा गरिएको छ । यो कार्यक्रमले साना तथा मझौला उद्यमलाई सहयोग गर्नेछ । साना तथा मझौला उद्यमलाई उत्पादनमा जोड्ने र त्यस्ता व्यवसाय विकासका लागि वित्तपोषण गर्ने अपेक्षा गरिएको छ ।
त्यसैगरी, हरित नेपाल विकास कार्यक्रमले उद्योग तथा सेवा क्षेत्रमा लगानी गर्न, जलवायु अनुकूलित पूर्वाधार निर्माण गर्न, दिगो आर्थिक नीतिलाई सुदृढ गर्न र आर्थिक सहजीकरण गरी समावेशी विकासका लागि सहयोग गर्नेछ । त्यस्तै, प्रत्यक्ष वैदेशिक लगानीका क्षेत्रमा सुधार र जलवायु अनुकूल लगानी परियोजना विकासमा योगदान गर्ने बताइएको छ ।
त्यस अवसरमा अर्थमन्त्री महतले नेपाल–बेलायत सम्बन्धबारे चर्चा गर्दै नेपालको सामाजिक–आर्थिक विकासका प्राथमिकतालाई पूरा गर्न बेलायत सरकारले निरन्तर सहयोग गरेकमा आभार व्यक्त गरे । उनले नेपालको आर्थिक वृद्धि, दिगोपन प्रवद्र्धन, गरिबी घटाउनेलगायत महत्वपूर्ण कार्यक्रम कार्यान्वयनका निम्ति अनुदान उपयोगी हुने विश्वास व्यक्त गरे । 'आर्थिक रुपान्तरण, जलवायु परिवर्तनका मुद्दा, सामाजिक सेवा तथा समावेशीकरणका लागि पनि अनुदानबाट सञ्चालन हुने कार्यक्रम महत्वपूर्ण छन्' उनले भने ।
बेलायतीमन्त्रीले आर्थिक रुपान्तरण, जलवायु परिवर्तनका प्रभावसँग सम्बन्धित विषय, सबल सामाजिक सेवा प्रवाह, समावेशिता प्रवद्र्धनमा सहयोग र सहकार्यका प्रशस्त क्षेत्र रहेका बताए ।

# वैकल्पिक ऊर्जा प्रवर्द्धन केन्द्रको कामप्रति मन्त्री असन्तुष्ट

**रासस**
**काठमाडौँ ।**
वैकल्पिक ऊर्जा प्रवर्द्धन केन्द्रले चालु आर्थिक वर्षका लागि निर्धारित नीति तथा कार्यक्रम र बजेट कार्यान्वयनमा लापर्वाही गरेको र जिम्मेवारपूर्ण ढङ्गले कार्यसम्पादन नगरेको पाइएको छ । आफैँले कार्यान्वयन गर्छु भनेर वार्षिक कार्यक्रम र बजेटमा समावेश गरेका अधिकांश योजना कार्यान्वयन नगरेको पाइएपछि ऊर्जा जलस्रोत तथा सिँचाइमन्त्री शक्तिबहादुर बस्नेतले केन्द्रका कार्यकारी निर्देशक नवराज ढकाललाई वास्तविकता स्पष्ट गर्न निर्देशन दिएका छन् । मन्त्रालयमा मंगलबार आयोजित सिनियर म्यानेजमेन्ट टीम (एसएमटी) बैठकमा मन्त्री बस्नेतले आर्थिक वर्ष सकिन केही महिना बाँकी हुँदा 'तोकिएका काम प्रक्रियामा रहेको, माग सङ्कलन गरिरहेका' केन्द्रको प्रगति विवरणप्रति उनले असन्तुष्टि जनाएका हुन् । उनले भने, 'तोकिएका अधिकांश कामको प्रगति १० प्रतिशतभन्दा कम छ । माग सङ्कलन भइरहेको भन्ने विवरणप्रति चित्त बुझाउन सकिँदैन ।'
वैकल्पिक ऊर्जा, सौर्य ऊर्जासँग जोडिएका अधिकांश परियोजनाको प्रगति धेरै कम छ । मन्त्री बस्नेतले तोकिएको जिम्मेवारी समयमा पूरा नगर्नेलाई कारबाहीको दायरामा ल्याउने चेतावनी मन्त्री बस्नेतले दिए । साना जलविद्युत् आयोजनाको मर्मतसम्भार, सौर्य परियोजना तथा केन्द्रको कार्य क्षेत्रभित्र पर्ने अधिकांश परियोजनाको प्रगति न्यून छ । पटक–पटक निर्देशन दिँदा केन्द्रले जिम्मेवारपूर्ण तरिकाले काम गर्न नसकेको भन्दै मन्त्री बस्नेतले अब छुट दिन नसकिने बताए । नेपाल विद्युत् प्राधिकरणको केन्द्रीय प्रसारण प्रणाली नपुगेका स्थानमा वैकल्पिक ऊर्जामार्फत उज्यालो पार्ने लक्ष्य छ । केन्द्रका अधिकांश गतिविधि गैरसरकारी संस्था केन्द्रित भएको आरोप लागेको छ ।

# नेप्से परिसूचकमा गिरावट

**मधेशदृष्टि**
**काठमाडौँ ।**
नेपाल स्टक एक्सचेञ्ज (नेप्से) परिसूचकमा मंगलबार सामान्य गिरावट देखिएको छ । परिसूचक एक दशमलव ७६ अङ्कले घटेर दुई हजार ३३ दशमलव ०६ को विन्दुमा कायम भएको हो । मंगलबार तीन सय १४ कम्पनीको ९३ लाख ४२ हजार पाँच सय ४६ कित्ता शेयर ७६ हजार आठ सय तीनपटक खरिदबिक्री हुँदा तीन अर्ब ११ करोड ३५ लाख ५६ हजार रुपैयाँ बराबरको कारोबार भएको छ ।
विकास बैंक समूहको उपसूचक शून्य दशमलव २५, वित्त समूह शून्य दशमलव ७२, लगानी समूह शून्य दशमलव १८, उत्पादन तथा प्रशोधन समूह शून्य दशमलव ७१ र अन्य समूह एक दशमलव १० प्रतिशतले बढेका छन् । अरू सबै समूहको उपसूचक घटेको छ । बैङ्किङ समूह शून्य दशमलव ४२, होटल तथा पर्यटन समूह शून्य दशमलव १८, जलविद्युत् समूह शून्य दशमलव ३१, जीवन बीमा समूह शून्य दशमलव ४१, लघुवित्त शून्य दशमलव ७४, म्युचुअल फन्ड शून्य दशमलव ०५, निर्जीवन बीमा समूह शून्य दशमलव ०३ र व्यापार समूह शून्य दशमलव ३५ प्रतिशतले घटेको छ ।
बोटलर्स नेपाल (बालाजु) लिमिटेड र समाज लघुवित्त वित्तीय संस्था लिमिटेडको शेयर मूल्यमा सकारात्मक सर्किट लागेको छ भने ग्रिनलाइफ हाइड्रोपावर लिमिटेडको शेयर मूल्यमा नकारात्मक सर्किट लागेको छ । कारोबार रकमका आधारमा मंगलबार सबैभन्दा धेरै हिमालयन रिइन्स्योरेन्स लिमिटेडको ३१ करोड ७३ लाख ७० हजार नौ सय ९८ रुपैयाँ बराबरको कारोबार भएको छ । कारोबार भएका शेयर संख्याका आधारमा भने प्रभु सेलेक्ट फन्डको पाँच लाख २९ हजार सात सय ३१ कित्ता शेयर किनबेच भएको छ ।

# सर्वसाधारणको निक्षेप सुरक्षित छः राष्ट्र बैंक




**मधेशदृष्टि**
**काठमाडौँ ।**
समग्र बैंकिङ क्षेत्र सक्षम र सबल रहेको भन्दै नेपाल राष्ट्र बैंकले सर्वसाधारणको निक्षेप सुरक्षित रहेको जनाएको छ ।
पछिल्लो समय बैंकिङ क्षेत्रलाई लिएर केही व्यक्ति र समूहले दिएको भ्रामक अभिव्यक्ति र दुष्प्रचारप्रति गम्भीर ध्यानाकर्षण भएको बताउँदै राष्ट्र बैंकले सर्वसाधारणको निक्षेप पूर्ण रूपमा सुरक्षित रहेको बताएको छ । राष्ट्र बैंकले मंगलबार एक विज्ञप्ती जारी गर्दै भनेको छ, 'बैंक तथा वित्तीय संस्था सञ्चालनको पछिल्लो अवस्था हेर्दा समग्र बैंकिङ क्षेत्र सक्षम र सबल रहेको र यस बैंकले बैंक तथा वित्तीय संस्थाको कारोबारको नियमित निगरानी गरिरहेकोले सर्वसाधारणको निक्षेप पूर्ण रूपमा सुरक्षित रहेको व्यहोरा अनुरोध छ ।' बैंक तथा वित्तीय संस्थाहरूले सर्वसाधारणको निक्षेप परिचालन गर्ने साथै राष्ट्र बैंकले बैंक तथा वित्तीय संस्थाहरूलाई निर्देशन दिँदा र निरीक्षण तथा सुपरीवेक्षण गर्दा समेत सर्वसाधारणको निक्षेपको सुरक्षालाई पहिलो प्राथमिकतामा राख्ने गरेको विज्ञप्तीमा भनिएको छ ।
कानुनले दिएको जिम्मेवारी बैंक तथा वित्तीय संस्थाहरूमा नियमित रूपमा निरीक्षण र सुपरीवेक्षण गरिरहेको जनाएको छ ।
'अन्तर्राष्ट्रिय बैंकिङ सिद्धान्त तथा असल अभ्यासहरू समेतका आधारमा राष्ट्र बैंकले दिएको निर्देशनको अधिनमा रही सञ्चालनमा रहने बैंक तथा वित्तीय संस्थामा राष्ट्र बैंकबाट निरीक्षण र सुपरीवेक्षण भइरहेको छ,' विज्ञप्तिमा उल्लेख छ ।
पछिल्लो समयमा इजाजतपत्रप्राप्त बैंक तथा वित्तीय संस्थाहरूको पूँजीकोषको अवस्था, कर्जा निक्षेप अनुपातको अवस्था एवम् तरलताको अवस्थासम्बन्धी परिसूचकहरू राष्ट्र बैंकको निर्देशनअनुरूप नै रहेको जनाएको छ । कुनै बैंक तथा वित्तीय संस्थामा पूँजीकोष, तरलता र सीडी रेसियो जस्ता परिसूचकहरू तथा कर्जा, संस्थागत सुशासन लगायतका अन्य विषयमा कुनै समस्या देखिएमा समयसमयमा आवश्यक निर्देशन दिई सुधार गराउँदै आइरहेको राष्ट्र बैंकले प्रस्ट पारेको छ । बैंकिङ जस्तो सम्वेदनशील क्षेत्रप्रति सर्वसाधारणलाई भ्रमित गर्न दुष्प्रचार गर्ने कार्यको पछाडि नलागी सम्बद्ध लगानीकर्ता, निक्षेपकर्ता, ग्राहक तथा सरोकारवालालाई ढुक्कसँग नियमित रूपमा बैंकिङ कारोबार गर्न राष्ट्र बैंकले अपिल समेत गरेको छ ।

# ११औँ एसिया प्रशान्त मञ्चको अध्यक्षमा नेपाल निर्वाचित



**रासस**
**काठमाडौँ ।**
दिगो विकाससम्बन्धी एघारौँ एसिया प्रशान्त मञ्चको अध्यक्षमा नेपाल निर्वाचित भएको छ । बैङ्कस्थित संयुक्त राष्ट्रसङ्घअन्तर्गत एसिया तथा प्रशान्त क्षेत्रका लागि आर्थिक तथा सामाजिक परिषद्मा मंगलबारदेखि आयोजना भएको मञ्चको बैठकबाट राष्ट्रिय योजना आयोगका उपाध्यक्ष डा मीनबहादुर श्रेष्ठ निर्वाचित भएका हुन् ।
मित्रराष्ट्र जापानले उपाध्यक्ष श्रेष्ठलाई यस मञ्चको अध्यक्ष चयन गर्न प्रस्ताव गरेको थियो । उनलाई बङ्गलादेश र श्रीलङ्काका प्रतिनिधिले समर्थन गरेका थिए । उपाध्यक्ष श्रेष्ठले मञ्चको अध्यक्ष निर्वाचित भएपश्चात् कार्यक्रममा उपस्थित सबै सदस्य राष्ट्रका प्रतिनिधिलाई धन्यवाद ज्ञापन गरेको आयोगले जनाएको छ ।
मञ्चमा अन्तर्राष्ट्रिय साझा एजेण्डाका रुपमा रहेका दिगो विकास लक्ष्यमा यस क्षेत्रका राष्ट्रले गरेको प्रगतिको समीक्षा गरिनुका साथै आगामी दिनमा लिनुपर्ने कार्यदिशाका सम्बन्धमा छलफल हुँदैछ । चार दिनसम्म चल्ने छलफल दिगो विकास लक्ष्य १, २, १३, १६ र १७ मा केन्द्रित रहने आयोगका प्रवक्ता यमलाल भुसालले जानकारी दिए । छलफलमा भएको सहमतिका आधारमा एसिया प्रशान्त क्षेत्रमा दिगो विकास लक्ष्य कार्यान्वनमा प्राप्त भएको सफलता र चुनौतीका सन्दर्भमा सन् २०२४ को जुलाईमा हुने संयुक्त राष्ट्रसङ्घको उच्चस्तरीय राजनीतिक मञ्चमा प्रतिवेदन पेस हुनेछ । एसिया तथा प्रशान्त क्षेत्रका लागि आर्थिक तथा सामाजिक परिषद्मा ५३ सदस्य राष्ट्र तथा नौ वटा अन्य संस्था आबद्ध छन् । मञ्चमा हुने छलफलमा सदस्य राष्ट्रहरुका सरकारका प्रतिनिधिका अतिरिक्त नागरिक समाज, निजी क्षेत्र, सामाजिक सङ्घसंस्था, युवा, बालबालिका, किसानलगायत बहुसरोकारवालाको सहभागिता रहेको छ ।

# 'तालिबानका कारण अफगान महिला बाहिर जान डराउँछन्'



**एपी**
**इस्लामावाद ।**
युएन मिसनको रिपोर्टअनुसार अफगानिस्तानमा तालिबानको आदेश, बोझिलो पहिरन तथा अभिभावक माथि लादिएको अभियानको कारण अफगान महिला एक्लै आफ्नो घर छोड्न डराउँने गरेको देखाएको छ । कतारको राजधानी दोहामा आयोजित बैठक अघि जारी गरिएको रिपोर्टमा सदस्य राष्ट्र र अफगानिस्तानका लागि विशेष दूतहरूले तालिबानसँग संलग्नता बारे छलफल गर्ने अपेक्षा गरेको छ । तालिबानले सन् २०२१ मा सत्ता सम्हालेपछि महिलालाई सार्वजनिक जीवनका अधिकांश क्षेत्रहरूमा प्रतिबन्ध लगाएउदै केटीहरूलाई छ कक्षा भन्दा माथिको शिक्षाको पहुँच निशेध गरेको छ ।
महिलाहरूको काम, यात्रा र स्वास्थ्य सेवाको पहुँचसमेत प्रतिबन्ध गरी अविवाहित वा पुरुष अभिभावक नभएकाहरुसमेतलाई तालिबानको अभियानको पालना नगरे पक्राउ गरिरहेको छ । रिपोर्टले गिरफ्तारी, उत्पीडन र धम्किपूर्ण आदेश लागु गरिएको उल्लेख गरेको छ । महिलालाई गिरफ्तारी धम्की, प्रहरी हिरासत जानुपर्ने दीर्घकालीन कलङ्क र लाजका कारण सार्वजनिक स्थानमा जान डर बढ्दै गएको जनाएको छ । रिपोर्टका लागि अन्तरवार्तामा सहभागी अधिकाशं महिलाले पुरुष अभिभावक वा संरक्षक बिना घरबाट बाहिर निस्कन असुरक्षित महसुस गरेको बताएका छन् । महिलालाई लक्षित गरी नयाँ आदेश घोषणा गर्दा उनीहरूको सुरक्षा र चिन्ताको जोखिम बढ्ने प्रतिवेदनमा उल्लेख गरिएको छ ।
यस्तो खालको प्रतिबन्दले घर बाहिर जाने उत्प्रेरणा तथा फुर्सदको क्षणको आनन्द लिने सम्भावनासमेत घटेर जाने रिपोर्टले जनाएको छ ।
केही महिलाले दिएको जानकारीअनुसार पुरुष पनि महिलासँग घर छोड्न डराउने र अनिच्छुक रहेकाले उनीहरूमा तालिबानको व्यापक तथा मानवता विरोधी उत्पीडनको पर्दाफास भइरहेको छ । रिपोर्टको टिप्पणीका लागि तालिबानको नैतिकता प्रहरी आदेश लागू गर्न मन्त्रालयबाट तुरुन्तै उपलब्ध भएनन् । मानवअधिकार निगरानीकी हिथर बारले एसोसिएटेड प्रेसलाई अफगान महिलाको साथ नदिई घर छोड्ने डर हानिकारक र विनाशकारी भएता पनि आश्चर्य जनक नभएको बताएका छन् । महिलाहरूलाई घरबाट बाहिर निस्कनबाट डराउनु तालिबानको विशेष लक्ष्य जस्तो देखिएको उनले बताए । दोहामा आयोजित सो छलफलमा यो विषयले प्रश्न खडा गरेको बताउँदै उनले बैठकको उद्देश्य सङ्कटको मात्रा नभई विश्वभरका महिलाका लागि आश्चर्य जनक भएको बताए । अफगानिस्तानका लागि इयु दूतले गत वर्ष तालिबानलाई चेतावनी दिँदै महिलामाथि लगाइएको प्रतिबन्ध नहटाएसम्म स्वात्त देशको वैध सरकारको अन्तर्राष्ट्रिय मान्यता असम्भव रहने बताएका थिए ।

# नेपाल 'ए'सँग क्यानडा पराजित

**मधेशदृष्टि**
**काठमाडौँ ।**
नेपाल 'ए' टोली क्यानडा–११ विरुद्धको एकदिवसीय शृंखलाको दोस्रो खेलमा विजयी भएको छ । नेपाल 'ए'ले क्यानडा–११ लाई दुई विकेटले पराजित गरेको हो । माथिल्लो मूलपानी क्रिकेट मैदानमा मंगलबार टस हार्दै क्यानडा–११ ले पहिला ब्याटिङ गर्दै ४९ दशमलव ५ ओभरमा सबै विकेट गुमाउँदै दुई सय ४० रन बनायो । दुई सय ४१ रनको विजयी लक्ष्य नेपालले ४९ दशमलव एक ओभरमा आठ विकेट गुमाउँदै पूरा गर्यो । यसअघि पहिलो खेलमा नेपाल 'ए' क्यानडा–११ सँग चार




विकेटले पराजित भएको थियो । नेपालका लागि सन्दीप जोरालले सर्वाधिक ६६ रनको अद्र्धशतकीय पारी खेले । उनले ७४ बल खेल्दै सात चौका र एक छक्का हाने । त्यस्तै बसिर अहमदले ५२ रन बनाए । उनले ७० बलमा चार चौका र एक छक्का हिर्काए । रासिद खानले ४७ तथा अर्जुन कुमालले ४० रन बनाए । बलिङतर्फ क्यानडा–११ का निखिल दत्तले दुई तथा साद विन जफर र हर्श थाकरले एक एक विकेट लिए । त्यसअघि पहिला ब्याटिङ गर्ने क्रममा क्यानडा–११ का लागि श्रेयास मोम्भाले सर्वाधिक ६८ रनको योगदान दिए । उनले ८२ बलमा पाँच चौका हाने । यस्तै नवनित दलिवालले ४६, श्रीमन्था विजयरत्नेले ४१, आरोन जोनसनले ३६ तथा डिलोन हेलिगरले १६ रन बनाए । बलिङतर्फ नेपालका साहब आलमले तीन, शेर मल्ल र रासिद खानले दुई दुई तथा सागर ढकाल र बसिर अहमदले एक एक विकेट लिए । उक्त शृंखलाको अन्तिम खेल यही फागुन १० गते हुनेछ ।

# मगर संस्कृति संरक्षणका लागि मगर सङ्ग्रहालय निर्माण

**रासस**
**त्रिवेणी ।**
मगर संस्कृति संरक्षणका लागि नवलपुरको देवचुलीमा सङ्ग्रहालय निर्माण गरिएको छ । नवलपरासी (बर्दघाट सुस्तापूर्व) नवलपुरको देवचुली नगरपालिका–१० पृथ्वीनगरमा मगर सङ्ग्रहालय निर्माण गरिएको हो । मगर समुदायको मौलिक कला संस्कृति नै लोप हुनेगरी देखिएको आधुनिकताले मगर पहिचान गुम्न थालेको भन्दै सङ्ग्रहालय निर्माण गरिएको मगर सङ्ग्रहालयका अध्यक्ष भुवनसिं आलेले बताए । सङ्ग्रहालयमा मगर समुदायको कला, संस्कृति, रहनसहन र भेषभूषालाई संरक्षण गरिने अध्यक्ष मगरले बताए । मगर समुदायका पुराना कला, संस्कृति, भेषभूषाका विषयमा नयाँ पुस्ताले जानकारी हासिल गर्न सकुन् भन्ने उद्देश्यसमेत रहेको उनले बताए । ‘मगर समुदायका विविध परम्परागत संस्कृति, भेषभूषा, रहनसहन छन्, यो हराउँदै जानेको हो कि भन्ने चिन्ताले संरक्षणमा सहयोग पुर्याउन सङ्ग्रहालय निर्माण गरेका हौँ’, सङ्ग्रहालयका अध्यक्ष मगरले भने, ‘नयाँ पुस्तालाई संस्कृति, रहनसहन, भेषभूषा हस्तान्तरणमा समेत सहयोग पुग्ने विश्वास छ ।’ मगर समुदायले प्रयोग गर्ने भाँडा, लत्ताकपडा, बाजागाजा र जीविकासँग सम्बन्धित सामग्री सङ्ग्रहालयमा राखिएका छन् । मगर सङ्ग्रहालयमा राखिएका सामग्री आम सर्वसाधारणले समेत अवलोकन गर्न सक्नेछन् । देवचुली नगरपालिका, वडा र स्थानीयको सहयोगमा सङ्ग्रहालय बनाइएको हो । मगर सङ्ग्रहालय निर्माणका लागि करिब २२ लाख रुपैयाँको लागतमा घुमाउने घर निर्माण गरिएको छ । सङ्ग्रहालयको फागुन १५ गते उद्घाटन गर्ने तयारी गरिएको सङ्ग्रहालयका सचिव गनबहादुर रानाले बताए । पर्यटन प्रवर्द्धनका लागि समेत मगर सङ्ग्रहालय सहयोगी हुने देवचुली नगरपालिका–१० का वडाध्यक्ष रेप्तीकुमार घर्तीमगरको विश्वास छ । मगर समुदायका संस्कृति, भेषभूषा अवलोकनका लागि पर्यटक आउने हुँदा पर्यटकीय केन्द्र साथै मगर समुदायको संस्कृति, रहनसहन अध्ययनका लागि केन्द्रका रूपमा समेत सङ्ग्रहालयलाई विकास गर्न सकिने उनले बताए । ‘हिजोआज विभिन्न समुदायका संस्कृति, रहनसहन, भेषभूषासमेत पर्यटकको आकर्षण बन्ने गरेको छ, सङ्ग्रहालयलाई सोहीअनुसार पर्यटकीय केन्द्रका रूपमा विकास गर्न सकिन्छ, पर्यटन प्रवर्द्धनमा यसले सहयोग पुग्ने विश्वास छ’, अध्यक्ष मगरले भने । हिजोआज पुराना घुमाउने घरसमेत लोप हुँदै जान थालेकामा यहाँ निर्माण गरिएको घुमाउने घरसमेत आकर्षणको केन्द्र बन्ने उनले बताए ।

# चित्रकलामार्फत काठमाडौँमा झल्कियो खोटाङ




**रासस**
**काठमाडौँ ।**
काभ्रेपलाञ्चाकको रोजिना तामाङ खोटाङ पुग्न पाउनु भएको छैन । तर उनले सोमबारदेखि काठमाडौँ बबरमहलस्थित नेपाल कला परिषद्मा सञ्चालित चित्रकलामार्फत खोटाङबारे निजकबाट नियाल्न मौका पाइन् । काठमाडौँको एक विद्यालयमा कक्षा–१२ मा अध्ययनरत तामाङ ‘मुन्दुम अन्तर्राष्ट्रिय चित्रकला प्रदर्शनी’मार्फत राखिएका खोटाङका धार्मिक, ऐतिहासिक तथा पर्यटकीयस्थलबारे जानकारी लिइन् । दिक्तेल रुपाकोट मझुवागढी नगरपालिकाले यही फागुन ५ गतेदेखि आयोजना गरेको प्रदर्शनीमा आएकी रोजिनाले भनिन्, ‘मुन्दुम अन्तर्राष्ट्रिय चित्रकला प्रदर्शनीमा राखिएका क्यानभास चित्रहरु काठमाडौँमै बसेर अवलोकन गर्न पाउँदा सिङ्गो खोटाङ कस्तो रहेछ भन्ने थोरै भए पनि जानकारी लिन पाइयो । चित्रकला हेरेपछि खोटाङ मेरो घुम्नै पर्ने सूचीमा परेको छ । त्यहाँ पुगेर धार्मिक, ऐतिहासिक तथा पर्यटकीयस्थलहरु घुम्ने छु ।’ काठमाडौँको एक क्याम्पसमा बीबीए पढ्दै गरेकी अर्घाखाँचीकी कुसुम श्रेष्ठ पनि सोही चित्रकला प्रदर्शनीमै भेटिएकी थिइन् । चित्रकला प्रदर्शनीमा सिङ्गो खोटाङको रुप झल्किएको पाएँ । अर्घाखाँचीको मान्छेलाई काठमाडौँमै बसेर खोटाङको धर्म, संस्कार, संस्कृति र परम्पराबारेमा चित्रकलामार्फत जानकारी लिने अवसर मिल्यो । यो कार्यक्रमले खोटाङलाई चिन्नलाई सहयोग गरेको महसुस गरेकी छु ।’ भक्तपुर बस्ने धनगढीका गणेश कडाल पनि श्रीमति र बच्चासहित चित्रकलाप अवलोकनका लागि आइका थिए । चित्रकलाको प्रसंशा गर्दै यसबाट खोटाङको सस्कृति र परम्परा बुझाउने प्रयास गरिएको बताए । राष्ट्रपति रामचन्द्र पौडेलले क्यानभासमा चित्र कोरेर उद्घाटन गर्नुभएको मुन्दुम अन्तर्राष्ट्रिय चित्रकला प्रदर्शनी कार्यक्रममा रोजिना, कुसुम र गणेशजस्तै दैनिक करिब पाँच सयले चित्रकला अवलोकन गर्दै आएका छन् । दिक्तेलको धार्मिक तथा ऐतिहासिकस्थल मझुवागढी, भवनगैरा, हाटडाँडा, शङ्खधर शाख्वाचोक, शुभम् फाउण्डेसन र जालपा पुगेर ख्यातिप्राप्त चित्रकारले प्रत्यक्षरुपमा उतारेका क्यानभास चित्रलाई प्रदर्शनीमा राखिएको छ । दिक्तेलमा गत असोज–१७ गतेदेखि २१ गतेसम्मा आयोजना गरिएको ‘चित्रकला कार्यशाला तथा प्रदर्शनी’मा सहभागी नेपालसहित अष्ट्रेलिया, बङ्गलादेश, भुटान, चीन, जापान, इजिप्ट, भारत, लातभिया, लिथुआनिया, दक्षिण कोरिया, अमेरिका, युक्रेन र भियतनामका चित्रकारसहित विभिन्न ५० देशका ख्यातिप्राप्त चित्रकारले क्यानभासमा उतारेका दुई सय १० वटा चित्रलाई सङ्कलन गरेर प्रदर्शनीमा राखिएको आयोजकले जनाएको छ । देश तथा विदेशमा समेत ख्यातिप्राप्त चित्रकारहरुले खोटाङको धार्मिक तथा पर्यटकीयस्थलहरु त्रिधार्मिकस्थल हलेसी, जन्तेढुङ्गा, भुलभुले दूधकुण्डलगायतका ठाउँको क्यानभास चित्र उतारेका छन् । धार्मिक, ऐतिहासिक तथा पर्यटकीयस्थलहरुका साथै जिल्लाको भौतिक विकास तथा धर्म, संस्कार, संस्कृति र रहनसहनबारेमा चित्रकारहरुले क्यानभासमा उतारेका चित्रलाई प्रदर्शनीमा राखिएको हो । दिक्तेल रुपाकोट मझुवागढी नगरपालिकाले मुन्दुम अन्तर्राष्ट्रिय चित्रकला प्रदर्शनी कार्यक्रम आयोजना गरेर इतिहास निर्माण गरेको चित्रकार के के कर्माचार्यले बताउनुभएको छ । ‘प्रदर्शनीमा राखिएका क्यानभास चित्रहरु ऐतिहासिक छन् । यो नगरपालिकाको सम्पत्ति हो । यस्तो कार्यक्रम अहिलेसम्म कसैले गरेका छैनन्’, नेपाल ललितकला प्रज्ञाप्रतिष्ठानका निवर्तमान कुलपतिसमेत रहनुभएका उनले भने, ‘चित्रकला कलामध्येका एउटा अद्भूत कला हो । यसलाई जसले जसरी अथ्र्याउन पनि सक्छन् । क्यानभास चित्रलाई युगौँयुगसम्म राख्न सकिन्छ । दिक्तेल रुपाकोट मझुवागढी नगरपालिकाले विश्वका ख्यातिप्राप्त चित्रकारको चित्र सङ्कलन गर्न सफल भएको छ । यो ऐतिहासिक कार्य हो । यसले नगरपालिकालाई विश्वभर परिचित गराएको छ ।’ चित्रकार कर्माचार्यको अमूर्त क्यानभास चित्रहरुसमेत प्रदर्शनीमा राखिएका छन् । अमेरिकाकी चित्रकार एवम् प्रोफेसर जोय वल्फ, लातभियाकी चित्रकार आन्दा पैकाने, नेपाली चित्रकारहरु रतनकुमार राई, विजय थापालगायत ५० देशका चित्रकारले क्यानभासमा उतारेर प्रदर्शनीमा राखिएका चित्रहरुलाई खोटाङमै बोलाएर जिल्लाका दशवटै स्थानीय तहका धार्मिक, ऐतिहासिक एवम् पर्यटकीयस्थलहरु तथा धर्म, संस्कार, संस्कृति, परम्परा र रहनसहनलाई क्यानभासमा उतार्न लगाइएको थियो । संसारभर छरिएर रहेका खोटाङ्गे मनलाई एउटै थलोमा जोड्ने र चित्रकलाको माध्यमबाट खोटाङ र सिङ्गो नेपाललाई विश्वमाझ परिचय गराउँदै पर्यटन प्रवद्र्धन र आर्थिक समृद्धिमा जोड्ने लक्ष्यका साथ धनु आर्ट स्टुडियोसँगको सहकार्यमा ‘मुन्दुम अन्तर्राष्ट्रिय चित्रकला प्रदर्शनी’ कार्यक्रम आयोजना गरिएको नगर प्रमुख तीर्थराज भट्टराईले बताए । ‘मुन्दुम अन्तर्राष्ट्रिय चित्रकला प्रदर्शनीलाई दिक्तेलमा आयोजना गरिएको ‘मुन्दुम अन्तर्राष्ट्रिय चित्रकला कार्यशाला तथा प्रदर्शनी’कै अर्को शृङ्खलाको रुपमा आयोजना गरिएको छ । प्रदर्शनमा राखिएका चित्रलाई पुनः दिक्तेलमा लगेर सङ्ग्रहालय बनाएर राख्ने योजना बनाइएको छ’, उनले भने । स्वदेश तथा विदेशबाट आएका ख्यातिप्राप्त चित्रकारले उतारेका क्यानभास चित्रमा समग्र खोटाङको तस्वीर झल्किएको प्रतिनिधिसभा सदस्य एवम् कोशी प्रदेशका पूर्वमन्त्री रामकुमार राईले बताइका छन् । ‘चित्रकला कार्यशाला तथा कला प्रदर्शनी कार्यक्रमले नगरपालिकाको मात्र नभइ समग्र खोटाङको ऐतिहासिक, धार्मिक तथा पर्यटकीयस्थलहरुलाई राष्ट्रिय तथा अन्तर्राष्ट्रिय रुपमा परिचित गराउँदै यहाँको सँस्कृति, सभ्यता, धार्मिक तथा पर्यटकीय क्षेत्रको प्रवद्र्धनमा टेवा पुगेको छ’, उनले भने, ‘नेपालसहित १४ देशबाट आएका ख्यातिप्राप्त चित्रकारहरुले समग्र खोटाङको चित्र कोरेका छन् । यसमा दिक्तेल रुपाकोट मझुवागढी नगरपालिका सफल भएको छ ।’

# अशोक स्तम्भका पुरातात्विक संरचना जोगाउने प्रयास

**रासस**
**लुम्बिनी ।**
बुद्ध जन्मस्थल लुम्बिनीस्थित मायादेवी मन्दिरसँगै रहेको अशोक स्तम्भको पुरातात्विक संरचनालाई जोगाउने प्रयास सुरु गरिएको छ । लुम्बिनीलाई बुद्ध जन्मस्थलका रुपमा चिनाउने मुख्य आधार अशोक स्तम्भका पुरातात्विक संरचनामा असर पर्न थालेपछि नजिकै बालिने बत्तीलाई परिसर बाहिर सारिएको छ । युनेस्कोलगायत पुरातत्वविद्हरुले दिएको सुझावअनुसार नै लुम्बिनी विकास कोषले मायादेवी मन्दिरसँगै रहेको अशोक स्तम्भ नजिकै बत्ती बालिँदै आएको दियोसेड मन्दिर परिसर बाहिर निर्माण गरेर स्थानान्तरण गरिएको विकास कोषका उपाध्यक्ष डा ल्हारक्याल लामाले बताउनुभयो । विकास कोषले हालै अशोक स्तम्भ नजिकै रहेको दियोसेड मायादेवी मन्दिर परिसरको पश्चिमपट्टी एकै दिन एक लाखसम्म दियो बाल्न मिल्ने गरी ‘दियो स्थल’ बनाइएको छ ।

‘लुम्बिनी चिनाउने भनेकै अशोक स्तम्भले हो, त्यसैले विगतमा अशोक स्तम्भ नजिकै बालिँदै आएको दियोलाई अलि टाढा लैजाने विज्ञहरुको सुझाव थियो’, उनले भने, ‘सुझावअनुसार नयाँ दियो सेडक स्थापना गरिएको छ ।’ बुद्ध जन्मस्थल लुम्बिनीको अकाट्य प्रमाणका रुपमा अशोक स्तम्भलाई लिइन्छ । ई.पु.२४९ मा सम्राट अशोकले स्थापना गरेको अशोक स्तम्भमा कुँदिएको शिलालेखनै बुद्ध जन्मस्थल लुम्बिनी हो भन्ने ऐतिहासिक प्रमाणीक तथ्य हो । युनेस्कोले सन् २०११ मा गरेको अध्ययनमै लुम्बिनी वरिपरि निर्माण भएका उद्योगको धुवाँ, धुलो, सिमेन्टका कण र स्तम्भ नजिकै बालिएको बत्तीको धुँवाले अशोकस्तम्भको पुरातात्विक संरचनालाई नकरात्मक असर परेको देखाएको थियो । बत्ती बाल्दा त्यसबाट निस्कने कार्बन अशोक स्तम्भमा टाँसिएर पुरातात्विक संरचनमा नकरात्मक असर गरिरहेकाले त्यहाँबाट बत्ती बाल्नेस्थल हटाउन आफुहरुले सुझाव दिएको कोषका पुरातत्व महाशाखा प्रमुख एंव वरिष्ठ पुरातत्वविद् हिमालकुमार उप्रेतीले बताए । उनले लुम्बिनी वरिपरिका सिमेन्ट उद्योगबाट सिमेन्टका धुलो टाँसिएको, अशोक स्तम्भभित्र चढाउने विभिन्न सिक्का, दुध जस्ता फलफूलले समेत असर पारेको देखिएकाले सचेत हुनुपर्ने बताए ।

सन् २०११ देखि २०१३ सम्म पवित्र बगैंचा क्षेत्रमा यूनेस्को जापानीज फण्ड एण्ड ट्रष्टको परियोजना अन्तर्गत काम गर्दा दियो सेडक स्थानान्तरण गर्न सुझाव दिइएको उप्रेतीले बताए ।

# ढिकीमा धान कुट्ने चलन हराउँदै

**रासस**
**कञ्चनपुर ।**
धान कुट्ने आधुनिक प्रविधि भित्रिएसँगै कञ्चनपुरका महिलाहरूले धान ढिकीमा कुट्न छाडेका छन् । गाउँघरमा धानमिल सञ्चालनमा आएपछि ढिकीमा धान कुट्न महिलाले छाडेका हुन् । पहिला घरघरमै धान कुट्नका लागि काठका ढिकी बनाइएका हुन्थे । हाल ती ढिकीहरू हराउँदै गएका छन् । अर्को तर्फ ग्रामीण क्षेत्रमा ढिकी राख्ने कार्य नै छाडिएका छन् भने थारू समुदायका केहीका घरमा अझै ढिकी भए पनि धान कुट्नका लागि मिलमा पुग्ने गर्दछन् । एक दशकअघिदेखि ढिकी कुट्ने चलन विस्तारै हराउँदै जान थालेको शुक्लाफाँटा नगरपालिका–२ का हेमराज पाण्डेयले बताए । ‘धानमिलमा कुटिएको चामलभन्दा ढिकीमा कुटिएको धानको चामल निकै मिठो र पौष्टिक हुने गरेको थियो’, उनले भने, ‘ढिकीमा धान कुट्दा निकै समय लाग्ने र श्रम गर्नुपर्ने अवस्था थियो, अहिले सहजै एकछिमै मिलमा धान कुट्ने कार्य हुने भएकाले ढिकी राख्ने चलन हटेको छ ।’ कृष्णपुर नगरपालिका–२ वाणिकी वसन्ती राना बिहानीको कुखुराको डाँकमै ब्यूँझेर धान कुट्ने पुराना दिनको स्मरण गर्छिन् ।

‘बिहानै ब्यूँझेर धान कुट्थ्यौँ’, उनले भने, ‘धान कुटेर आएका चामल माटोको भकारीमा राख्ने गरिन्थ्यो, ती चामलबाट बनाइएको भात निकै मिठो हुन्थ्यो, अहिले मिलमा कुटेका चामल देख्नमा चम्किला हुने भए पनि त्यति स्वादिलो हुने गरेको छैन ।’ महिलाहरूलाई त्यसबेला ढिकी कुट्न निकै परिश्रम गर्नुपर्ने अवस्था



रहेको उनले उल्लेख गरिन् । दिनभरि घरको काम, राति पूरै निद्रा नसुतेर ढिकी कुट्नुपर्ने ती पुराना दिन सम्झँदा आजभोलि सपनाझैँ लाग्ने गरेको पवित्रा चौधरीले बताइन् ।

‘ढिकीमा दुईदेखि चार जनासम्मले धान कुट्नका लागि काम गर्नु पर्दथ्यो’, उनले भनिन्, ‘दसैँलगायतका चाडपर्वमा विगतमा चामल कुटेर भिजाइ पुनः ढिकीमै पिठो बनाउनुपर्दथ्यो, त्यसबेला थोरै ठाउँमा मात्रै मिल थिए, सबैको पहुँच थिएन, पहुँच भए पनि सबैसँग खर्चको अभाव हुन्थ्यो, त्यसैले घरमै बनाएका ढिकीमा धानबाट चामल र पिठो बनाउथ्यौँ ।’ ‘चाडपर्व, विवाहलगायतका धार्मिक तथा अन्य अनुष्ठानमा सहभागी हुनेहरूका लागि भने चार–पाँच दिनदेखि नै ढिकीमा धान कुट्नुपर्ने बाध्यता नै हुन्थ्यो’, गीता चौधरीले भनिन्, ‘हाल पहिलेको तुलनामा महिलालाई घरायसी कार्य गर्न आधुनिक विद्युतीय मिलले सहज बनाइदिएको छ, पुर्खौंदेखि प्रयोग हुँदै आएका ढिकी, कोल्हु, जाँतो (चकिया)लगायत हराउँदै गएकामा चिन्तित पनि छु ।’ पहिचान झल्काउने पुराना वस्तुलाई पछिको पिँढीलाई चिनाउनकै लागि पनि जगेर्ना गरेर राख्नुपर्ने उनको भनाइ छ । ढिकी बनाउँदा मुसरा, ढिकी, चुक्का, टेक्का, धुर्ला, टेकुवा, सामलगायत काठबाटै बन्ने गरेको दानसिंह दहितले बताए । बलियो काठ सान्नानलगायतबाट ढिकी तयार गरिन्थ्यो ।

# पर्यटकीय क्षेत्र खुम्जुङ र नाम्चेमा विद्युत् सेवा अवरुद्ध

**रासस**
**सल्लेरी ।**
पर्यटकीय क्षेत्र सोलुखुम्बुको नाम्चे र खुम्जुङ क्षेत्रमा विद्युत् सेवा अवरुद्ध बनेको छ । गत माघ २२ गते आएको हावाहुरीले ढलेको रुखले खुम्बु विद्युत् कम्पनीको हाइटेन्सन र जमिनमुनिको तारमा क्षति पुगेपछि विद्युत् सेवा ठप्प बनेको हो । यसबाट सगरमाथा क्षेत्र भ्रमणका लागि नाम्चे र खुम्जुङ क्षेत्र पुग्ने स्वदेशी तथा विदेशी पर्यटक समस्यामा परेका छन् । खुम्बुमा याम सुरु भएकाले अहिले दैनिक एक सय हाराहारीमा विदेशी पर्यटक खुम्बु पुग्ने गरेको पर्यटक प्रहरी कार्यालय नाम्चेको तथ्याङ्क छ । अहिले सो क्षेत्रमा सञ्चार सेवा ठप्प बनेको छ भने एटिएम सेवासमेत प्रभावित बनेको इलाका प्रहरी कार्यालय नाम्चेका प्रहरी निरीक्षक कविन राईले बताउनुभयो । अधिकांश विदेशी नगदका लागि एटिमएममा निर्भर हुने भएकाले विद्युत्का कारण एटिएम नै अवरुद्ध हुँदा समस्या देखिएको पर्यटन व्यवसायीले बताएका छन् । नाम्चेमा विद्युत सेवा नभएपछि सो क्षेत्रमा पुगेका पर्यटकसमेत बिचल्लीमा पर्ने गरेको प्रहरी निरीक्षक राईले बताए । विद्युत्को भरमा सबै सेवा सञ्चालन हुने भएकाले विद्युत् नहुनेबित्तिकै काम प्रभावित हुने गरेको इलाका प्रहरी कार्यालय नाम्चेले जनाएको छ । ‘जिल्लामा रिपोर्टिङ गर्ने काम धेरै हुने भएकाले समस्या भएको छ’, हाम्रो सञ्चार सेवा पनि अहिले अवरुद्ध छ, विद्युत् नभएर मोबाइल चार्ज गर्न नपाएर सबै ठप्प छ, जिल्लामा रिपोर्टिङ गर्नका लागि अहिले हामी एक दिनको पैदल दूरीमा पर्ने लुक्ला झर्नुपर्ने बाध्यता छ’, उनले भने । विश्वको पर्यटकको ध्यान केन्द्रित हुने ठाउँ भएकाले आफूहरूले निगरानीमा राखेको भए पनि नाम्चेमा विद्युत् नहुँदा समस्या भएको सहायक प्रमुख जिल्ला अधिकारी सरोज अर्याललले बताए । उनले भने, ‘नाम्चे क्षेत्रमा हामीले दुई हप्तादेखि सञ्चार सम्पर्क गर्न पाएका छैनौँ निकै कठिन भइरहेको छ, अझ त्यहाँ पुग्ने पर्यटकको अवस्था के होला ? कल्पनाभन्दा बाहिरको कुरा छ ।’ विद्युत्को जमिनमाथिको भागको लाइन मर्मतमा समस्या नरहे पनि जमिनमुनिको तारमा समस्या देखिएको खुम्बु बिजुली कम्पनीका कर्मचारी सोनाम दोर्जी शेर्पाले बताए । चिसोका कारण जमिन जमेकाले तार फुट्ने तथा भाँचिने गरेकाले



समस्या भएको उनको भनाइ छ । उनले भने, ‘हामी प्रयासरत छौँ, हावाहुरीले रुख ढाल्दा खुम्बु भ्याली र नाम्चे भ्याली क्षेत्रको छ–सात ठाउँको लाइनमा क्षति पुगेको थियो । जमिनमाथिको तारको समस्या समाधान भयो तर जमिनमुनिको तारमा देखिएको समस्या हल हुन समय लाग्यो, समस्या समाधान हुन अझै करिब आठ–दश दिन लाग्छ ।’ जमिनमुनिको करिब सात सय ५० मिटर तार फेर्नुपर्ने भएको कम्पनीले जनाएको छ । काठमाडौँबाट खुम्बु तार ढुवानी गर्न लैजान सिलिङ उडानका लागि नेपाल नागरिक उड्डयन प्राधिकरणसँग समन्वय गरिरहेको कम्पनी कर्मचारी शेर्पाले बताए । विद्युत् अवरुद्ध हुनेबित्तिकै टेलिफोन सेवासमेत अवरुद्ध हुँदा खुम्बु–काठमाडौँ सम्पर्कमा समस्या भएको उनले बताए । सन् १९९३ मा निर्माण गरिएको नौ सय ३० किलोवाट क्षमताको खुम्बु बिजुली कम्पनीको नौ सय ४० घरधुरी उपभोक्ता रहेका छन् । अशोक स्तम्भको सुरक्षा र लुम्बिनीमा पुग्ने तीर्थालुहरुलाई मध्यनजर गरी कोषले मायादेवी मन्दिर प्रवेशद्वारको पश्चिमपट्टी दियोस्थल निर्माण गरेको छ । अहिले एकै पटकमा आठ हजार बत्ती बाल्न सकिन्छ । कोषले दैनिक रुपमा एक लाख दियो बाल्न मिल्ने गरी दीर्घकालीन योजना बनाएको छ । गत माघ १२ गते उपाध्यक्ष डा लामासहित खान्डो छिरिङमा रिपोन्छे, छोग्यी रिपोन्छे, टुङ्गो कर्मा साङम्बो रिपोन्छे र चिनियाँ चर्चित हलिउडका कलाकार जेटलीले दियो सेडकको उद्घाटन गर्नुभएको थियो । महायानी बौद्धिष्टहरुले आफ्नो परिवारको स्मृतिमा प्राय दियो बाल्ने प्रचलन छ । बौद्धिष्ट बाहेक अन्य तीर्थालुलेसमेत लुम्बिनी पुगेपछि दियो बाल्ने प्रचलन बढ्दै गएको छ । व्यवस्थित रुपमा दियोस्थल निर्माण भएपछि धार्मिक एकता र सांस्कृतिक सम्बन्धसँगै कोषको आम्दानीमा समेत सघाउ पु¥याएको छ । माघ १२ देखि फागुन मसान्तसम्म १३ लाख नौ हजार आठ सय रुपैयाँ बराबरको बत्तीबाट आम्दानी भएको कोषको लेखा शाखाले जनाएको छ ।

# तीन दिवसीय साहित्य महोत्सव हुने




**मधेशदृष्टि**
**जनकपुरधाम ।**
जनकपुरधाममा १० फागुनदेखि तीन दिवसीय साहित्य महोत्सव हुने भएको छ । नव मिथिला फाउण्डेशनको आयोजनामा राममन्दिरको प्रांगणमा १० देखि १२ फागुनसम्म चल्ने साहित्य महोत्सवमा समाज, भाषा, संस्कृति, साहित्य, राजनीति लगायतको विषयमा छलफल हुने छ । आयोजकले मंगलबार जनकपुरमा पत्रकार सम्मेलन गरी विभिन्न विषयमा १४ वटा समूह छलफल र ४ वटा प्रवचन समेटिएको जनाएको छ । 'चाहियो रंगशाला', किताब उपर समीक्षा, कसरी हुन्छ निर्णय ?, नव उद्यमी र उद्यमशीलता, स्वस्थ मधेश, सम्पदा, संस्कार र साहित्य, शिक्षाको नयाँ आवश्यकता र परिभाषा, मधेशको श्रम यात्रा, बोल्ने स्वतन्त्रता, 'साँस्कृतिक सम्बन्धको डोरी, मौन चित्कार र संघीयता गलत अभ्यास वा कमजोर परिकल्पना' जस्ता १४ वटा शीर्षकमा विमर्श हुने आयोजक नवमिथिला फाउन्डेसनका अध्यक्ष अमित साहले बताए । उनका अनुसार तीनै दिन राष्ट्रिय तथा अन्तर्राष्ट्रिय कलाकारहरू सांगीतिक कार्यक्रम हुने छ ।
विगत पाँच वर्षदेखि फाउण्डेशनले जनकपुरमा साहित्य महोत्सव गर्दै आएको छ । महोत्सव अन्तर्गत यसपटक वतृत्वकला, कविता र शिल्पकला प्रतियोगिता पनि हुने फाउण्डेशनका उपाध्यक्ष आदित्य नेपालले जानकारी दिए । महोत्सवमा किताबको लोकार्पण, स्थानीय, राष्ट्रिय र अन्तर्राष्ट्रिय कलाकारको प्रस्तुतिसँगै विद्यार्थी, राजनीतिज्ञ, कलाकार, संगीतकार, लेखक, पत्रकार र साहित्यप्रेमीहरुको उपस्थिति रहने आयोजकले जनाएको छ ।

# नेपाली र भुटानीले भारतीय सिम कार्ड पाउने



**मधेशदृष्टि**
**वीरगंज ।**
अब नेपाल र भुटानका नागरिकले भारतमा सजिलै सीम कार्ड पाउने भएका छन् । भारतले कानुन नै संशोधन गरेर नेपाली तथा भुटानी नागरिकका लागि सहज प्रक्रियाबाट सीम कार्ड प्रदान गर्ने व्यवस्था गरेको हो ।
यसअघि नेपाली तथा भुटानी नागरिकलाई पासपोर्टमा भिसाको स्ट्याम्प लागेको आधारमा मात्र भारतीय सीम कार्ड उपलब्ध गराइन्थ्यो । तर अब आफ्नो देशको नागरिकता, पासपोर्ट, मतदाता परिचयपत्र तथा सम्बन्धित देशमा रहेको दूतावासले उपलब्ध गराएको फोटो सहितको परिचयपत्रमध्ये कुनै एउटा कागजात उपलब्ध गराएमा भारतले सीम कार्ड उपलब्ध गराउने भएको हो । सो सीम कार्ड तीन महिनाका लागि मात्र सक्रिय हुने बताइको छ । तीन महिनाको म्याद सकेपछि नवीकरण गर्नुपर्ने हुन्छ । नेपालबाहेक अन्य देशबाट भारत पुगेको खण्डमा भने नेपाली नागरिकले भने पासपोर्ट र मान्य भिसा स्ट्याम्प अनिवार्य देखाउनुपर्नेछ । प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'ले भारत भ्रमणमा गएको बेला यो विषयमा उनले त्यहाँ यो प्रस्ताव राखेका थिए । त्यस्तै सञ्चार तथा सूचना प्रविधि मन्त्री रेखा शर्मा पनि भारत भ्रमणमा गएको बेला पनि यो कुरा उठाएकी थिइन् । हालै प्रतिनिधि सभाका अन्तर्राष्ट्रिय समितिका सभापति राजकिशोर यादव नेतृत्वको टोली भारत भ्रमणमा गएको बेला यो विषयमा कुराकानी भएको थियो ।
भारतमा रहेको नेपाली राजदूतावासले पनि यसका लागि नियमित प्रयास गरिरहेको थियो ।

# ठेकेदारको लापरबाहीका कारण स्थानीयलाई सास्ती

**मधेशदृष्टि**
**वीरगंज ।**
पथलैया–वीरगंज औद्योगिक करिडोरको जीतपुर गढीमाई चोकदेखि पूर्वतर्फको सडक निर्माणमा ठेकेदारको चरम लापरबाहीका कारण स्थानीयले सास्ती भोगेका छन् । संघीय सरकार अन्तर्गत भौतिक पूर्वाधार तथा विकास मन्त्रालयको ५० करोडको योजनामा ठेकेदार कम्पनीको चरम लापरबाहीका कारण सडक कालोपत्रेको काममा ढिलासुस्ती भएको हो । महावीर इन्जिनियर एन्ड कन्स्ट्रक्सन प्रालि काठमाडौंले औद्योगिक करिडोरको ६ लेनसँग जोडिएको जीतपुर गढीमाई मन्दिरदेखि पूर्वतर्फको इनहर्वा बसडिलवासम्म करिब ५ किलोमिटर सडक निर्माणको काम अलपत्र अवस्थामा छाडेको छ । सडकमा खाल्टाखुल्टीका कारण दुर्घटनाको जोखिम बढेको छ भने धुलोले यात्रीलाई सास्ती भएको छ । जीतपुरसिमरा उपमहानगरपालिका–८ का पूर्व वडाध्यक्ष रामबाबु पटेलले ठेकेदारले समयमै पोल सार्न आलटाल गर्दा बाटोको काम अगाडि बढ्न नसकेको बताए । धुलो उडेर गाउँमा हिँड्न सक्ने अवस्था नरहेको उनको भनाइ छ । यो योजनामा सिमरा टेलिकमदेखि सेजसम्म जाने पहुँच मार्ग, जीतपुरको गढीमाईदेखि रमौली हुँदै रिलायन्स चिनी मिलसम्म जाने सडक र जीतपुरस्थित गढीमाई मन्दिरमा पार्क बनाउने उल्लेख छ । तत्कालीन शहरी विकास मन्त्री मेटमणि चौधरी यो योजनाको २०७९ असोज ७ गते शिलान्यास गर्नु भएको हो । महावीर इन्जिनियर एन्ड कन्स्ट्रक्सन प्रालिका इन्जिनियर प्रवीन ठाकुरले हालसम्म २० देखि २५ प्रतिशत काम सम्पन्न भएको र करिब ६ करोड भुक्तानी बुझिसकेको बताए ।
पूर्व वडाध्यक्ष पटेलले भने ठेकेदार कम्पनीले आफूखुसी बिल पास गरेर भुक्तानी लिने गरेको तर फिल्डमा केही काम नभएको बताए । सघन शहरी तथा भवन निर्माण आयोजना कार्यालय वीरगंजका प्रमुख विनोद सिंहले तोकिएको समयभित्र काम सम्पन्न हुने दाबी गरे । उनले सरकारले समयमै भुक्तानी ग¥यो भने आगामी असोजभित्र सबै काम सम्पन्न बताए ।

# आरतीको परिवारलाई प्रधानमन्त्रीको आश्वासन



**मधेशदृष्टि**
**वीरगंज ।**
प्रधानमन्त्री पुष्पकमल दाहालले आरती साहको परिवारलाई न्यायका लागि पहल गर्ने आश्वासन दिइका छन् । मंगलबार बिहान प्रधानमन्त्रीको सरकारी निवास बालुवाटारमा आरतीका परिवारसँग भएको भेटमा प्रधानमन्त्री प्रचण्डले उनका परिवारले न्यायका लागि गरिरहेको संघर्षबारे आफू जानकार रहेको बताए । प्रधानमन्त्रीलाई भेट्न साहका परिवारलाई लिएर आम जनता पार्टीका अध्यक्ष तथा सांसद प्रभु साह प्रधानमन्त्री निवास पुगेका थिए । आरती साहको हत्या भएको र हत्यामा उनका सासु, ससुरा, श्रीमान् र देवरको संलग्नता रहेको भन्दै चारै जनालाई पक्राउ गरेर अनुसन्धान थाल्नुपर्ने उनका परिवारको माग छ । प्रहरीले भने उनका श्रीमानलाई मात्रै पक्राउ गरेको छ । साहको परिवार ९ महिनादेखि काठमाडौंमा आन्दोलनरत छ । आरती साह जेठ ७ गते श्रीमानको घरमा झुन्डिएको अवस्थामा फेला परेकी थिइन् ।

# सर्लाहीमा शैक्षिक महोत्सव हुँदै




**एसपी गौरब**
**सर्लाही ।**
सर्लाहीको बागमती हुने बृहत शैक्षिक तथा सांस्कृतिक महोत्सव उद्घाटन गर्न नेकपा (माओवादी केन्द्र) का अध्यक्ष एवम प्रधानमन्त्री पुष्पकमल दाहाल (प्रचण्ड) सर्लाहीको बागमती आउने भएका छन् । बागमती नगरपालिका ११ स्थित स्व ।सन्तोष श्रेष्ठ स्मृति खेल मैदान कर्मैयामा फागुन १२ गते बागमती नगरपालिकाले आयोजना गर्ने बृहत शैक्षिक तथा सांस्कृतिक महोत्सव उद्घघाटन गर्न माओवादी केन्द्रका अध्यक्ष एवम प्रधानमन्त्री दाहाल सर्लाहीको बागमती आउने भएका मंगलबार भएको पत्रमार सम्मेलनमा आयोजकले जानकारी दिएको छ । नगरभित्रका सामुदायिक विद्यालयमा शैक्षिक तथा भौतिक गुणस्तर तथा वृद्धि गर्ने अभियानकै क्रममा ठूलो संख्यामा विद्यार्थी र अभिभावकलाई सहभागी गराई शैक्षिक महोत्सव आयोजना गर्न लागिएको बागमती नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत हरिलाल पुरीले जानकारी दिए । उनका अनुसार पर्यटन, स्थानीय रीतिरिवाज र सँस्कृतिसँग समेत जोडेर शैक्षिक सम्मेलन गर्न लागिएको हो । शैक्षिक महोत्सवको विषयमा बागमती नगरपालिकाको सभा हलमा भएको पत्रकार सम्मेलनमा कार्यक्रम कस्तो रहने भन्ने जानकारी गराईएको बागमति नगरपालिकाको शिक्षा शाखाका ओम बहादुर कार्कीले जानकारी दिए । 'शिक्षा, स्वास्थ्य, रोजगार, त्यसैका लागि पूर्वाधार' भन्ने मूल नारा सहित सामुदायिक विद्यालयहरुको रुपान्तरण अभियानमा जुटेको नगरपालिकाले नगर भित्रका जनप्रतिनिधिहरुका साथै कर्माचारीहरुलाई सामुदायिक विद्यालयमा आफ्ना छोराछोरी अनिवार्य पढाउँनै पर्ने बाध्यकारी नीयम समेत बनाएको बागमती नगरपालिकाका नगर प्रमुख भरत कुमार थापाले जानकारी दिए । उनका अनुसार समुदाय र अभिभावकको अपनत्वमा सामुदायिक विद्यालय रुपान्तरण गर्ने ऐतिहासिक आन्दोलन स्वरुप नेपालमै पहिलो पटक सामुदायिक विद्यालयका तीन हजार भन्दा बढी विद्यार्थीहरुको सहभागितामा एकै पटक सामुहिक नृत्य प्रस्तुत समेत गरिने छ । समुदायलाई विद्यालयसँग जोड्ने प्रयत्न स्वरूप १० औं हजार अभिभावकको आ–आफ्नो सांस्कृतिक भेषभुषामा झाँकी सहितको प्रस्तुती, हरेक विद्यालय, टोल र वडाबाट आ–आफ्नो सांस्कृतिक पहिचानको पोशाक तथा नाचगानसँगै 'हामी सुधार गर्छौं, हाम्रो विद्यालय' जस्ता नारा सहित अभिभावक उपस्थित रहने बागमती नगरपालिकाको शिक्षा शाखाका प्रमुख मिन प्रसाद उपाध्यायले जानकारी दिए । उनका अनुसार नगरभित्रका २५ वटै सामुदायिक विद्यालयहरुको शैक्षिक तथा भौतिक सुधारमा लागेको बागमती नगरपालिकाले प्राविधिक तथा व्यावसायिक शिक्षामा जोड दिएको छ ।

# सुन जस्तो देखिने वस्तुसहित एक भारतीय पक्राउ

**रासस**
**काठमाडौँ ।**
त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलबाट सुन जस्तो देखिने पहेँलो रङ्को अर्धठोस वस्तु करिब आठ सय ५५ ग्रामसहित गएराति एक भारतीय नागरिक पक्राउ परेका छन् । पक्राउ पर्नेमा ३५ वर्षीय शरिफअहमद अब्दुल गफुर रहेको केन्द्रीय प्रहरी प्रवक्ता तथा प्रहरी नायब महानिरीक्षक भीमप्रसाद ढकालले जानकारी दिए ।
उनले भने, 'विमानस्थलबाट सुन जस्तो देखिने पहेँलो रङ्को अर्धठोस वस्तु करिब आठ सय ५५ ग्रामसहित भारतीय नागरिकलाई प्रहरीले पक्राउ गरेको छ । निजलाई आज आवश्यक अनुसन्धान तथा कारवाहीका लागि भन्सार कार्यालय पठाइने छ ।' दुबईबाट फ्लाई दुबईको उडानमार्फत काठमाडौँ आएका निजलाई त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलको आगमन टनेल गेटमा जाँच गर्ने क्रममा अवैध रुपमा लुकाई छिपाई भन्सार छली लैजान लागेको अवस्थामा पक्राउ गरिएको प्रहरी नायब महानिरीक्षक ढकालले बताए ।

# जनकपुरधाममा विचार गोष्ठी



**मिश्रीलाल मधुकर**
**जनकपुरधाम ।**
जनकपुरधाममा जनकपुर बौद्धिक समाजका अध्यक्ष राघवेन्द्र साहको अध्यक्षतामा ७४ औँ प्रजातन्त्र दिवस मनाइएको छ । दिवसको अवसरमा लोकतन्त्र, गणतन्त्र र भ्रष्टतन्त्र व्यवस्था सम्बन्धी गोष्ठीमा प्रमुख अतिथि मधेस प्रदेशका सभामुख रामचन्द्र मण्डल रहेका थिए । गोष्ठीमा वक्ताहरुले हजारौं नेपालीको बलिदानको पश्चात निरंकुश राजतन्त्रको अन्त्य भ्यो तर आज लोकतन्त्र भ्रष्टाचारमा डुबेको बता्ए । विश्वको सबैभन्दा भ्रष्ट मुलुकको सुचीमा नेपाल १४२ औँ स्थानमा छ, ऋणमा डुबेको छ, आगामी दिनमा श्रीलंकाको अवस्था पनि हुनसक्छ भनेर वक्ताहरुले ध्यानाकर्षण गराएका थिए । कार्यक्रममा स्थानीय सांसद जुली महतो, स्थानीय विधायक दीपेन्द्र ठाकुर, मटिहानीका मेयर हरिप्रसाद मण्डल, मुख्यमन्त्रीका प्रेस सल्लाहकार सीताराम अग्रहरी, समाजसेवी अमरचन्द्र अनिल, जसपा नेता रामगोविन्द यादव, हिन्दी भाषा अभियानी रमन पाण्डे, नेपाली कांग्रेसका युवा नेता सञ्जीव कुमार साह टिक्का, वडा अध्यक्ष रामचन्द्र पञ्जियार लगायतका धेरैको उपस्थिति रहेको थियो । मञ्च संचालन पत्रकार श्री नारायण साहले गरेका थिए ।

# असुरक्षित खानाका कारण प्रत्येक वर्ष नौ हजारको मृत्यु



**रासस**
**विराटनगर ।**
नेपालमा असुरक्षित खानाका कारण प्रत्येक वर्ष नौ हजारको मृत्यु हुने गरेको हालैको एक अध्ययनले देखाएको छ । खाद्य प्रविधि तथा गुण नियन्त्रण कार्यालयले आज यहाँ आयोजित प्रदेशस्तरीय खाद्य स्वच्छता तथा गुणस्तरसम्बन्धी गोष्ठीमा अध्ययनबारे जानकारी दिइएको हो । खाद्य अनुसन्धान अधिकृत दिनेश सुवेदीले होटलहरुमा विशेष गरी मिसावट, तेलजन्य खाद्यबाट उत्पन्न हुने समस्या, रङ्को प्रयोग र सूक्ष्मजीवले मानव स्वास्थ्यमा समस्या देखिएको बताए । अनुसन्धान अधिकृत सुवेदीका अनुसार विराटनगरका होटल रेष्टुराँहरुको अनुगमनका क्रममा फोहर व्यवस्थापन चुनौतीपूर्ण रहेको पाएको, होटलको फोहर व्यवस्थापन, सरसफाइ र कामदारको व्यक्तिगत सरसफाइ चुनौतीपूर्ण हुँदै गएको पाइएको छ । होटलहरु व्यस्त सडकको नजिक हुँदा धुलो, धुवाँको समस्या पनि थपिएको छ । खाद्यान्न दलहनतर्फ ४७ वटा र प्रशोधित पिउनेपानी एक सय २१ थान मुद्दा जिल्ला अदालत र जिल्ला प्रशासन कार्यालयमा दर्ता भएका छन् । चालु आवको छ महिनामा १७ वटा न्यूनस्तर÷दूषित खाद्यपदार्थ उत्पादन गर्ने उद्योगविरुद्ध मोरङमा मुद्दा दायर गरिएको अधिकृत सुवेदीले बताए ।
खाद्य–दाना उद्योग सिफारिस, अनुज्ञापत्र जारी, नवीकरण, बजार, उद्योग, संयुक्त तथा एकल अनुगमन, प्रयोगशाला सेवा, तालिम दिँदै आएको कार्यालयका प्रमुख विजय खनालले जानकारी दिए । गोष्ठीमा प्रदेश उद्योग, कृषि तथा सहकारी मन्त्रालयका सचिव डा लेखराज दाहाल, १४ वटै जिल्लाका साना तथा घरेलु उद्योग कार्यालयका प्रमुख तथा प्रतिनिधिको सहभागिता थियो


## सञ्चयकोष कर्मचारीहरुको लागि
## अत्यन्त जरुरी सूचना

यही फाल्गुन १ गतेदेखि कर्मचारी सञ्चयकोष सञ्चयकर्ता स्वास्थ्य उपचार योजना अन्तर्गत अस्पताल भर्ना भई उपचार गराएको साधारण रोगको हकमा प्रत्येक वर्ष बढीमा रु. १००,०००।- र घातक रोगको हकमा सेवा अवधी भरीमा रु. १०,००,०००।- सम्म स्वास्थ्य उपचार सुविधा उपलब्ध गराउने अस्पतालहरुको सूचिमा **Save Life Hospital & Research Centre** प्रा.लि. उल्लेखित भएकोले यस अस्पतालमा उपचार गराएको हकमा स्वास्थ्य उपचार सुविधा उपलब्ध गराउने व्यहोरा जानकारी गराईन्छ।

**नोटः** मंसिर १ गतेदेखि **निःशुल्क हेमोडायलेसिस** सुचारु भएको हुँदा इच्छुक मृगौला रोगीहरुले आफ्नो नाम सुरक्षित गराउन अस्पताल प्रशासनसंग सम्पर्क गर्न हार्दिक अपिल छ।
- आगामी फाल्गुन १२ **गते र** १९ **गते** नेपालको प्रख्यात **डा. अभय यादव** र **डा. अग्नि गौतम साह**बाट OPD सेवा सुचारु हुनेछ।




**सेभ लाइफ हस्पिटल**
**जनकपुरधाम–८ (पगलाबाबा धर्मशालाको दक्षिणपट्टी)**
email:savelifehospital2077@gmail.com
**सम्पर्क नं.**-9851208156, 9818200948


मधेश प्रदेश प्रकाशन समूहद्वारा प्रकाशित तथा मुद्रित, सम्पर्कः वीरगंज महानगरपालिका–१३, पर्सा, मोबाइल नं.–९८५५०२१२८१, कार्यालयः जनकपुरधाम–२, भानुचोक, किशोरी नगर, फोन नं.–०४१–५९०२८९, E-mail: madheshdristi@gmail.com, अध्यक्षः ध्रुव साह, सम्पादकः रामकुमार एलन